# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १२ | काठमाडौं | सोमबार, २२ वैशाख २०८२ | Prabhab National Daily | Monday, May 05, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# एकताको नाममा फुट्यो एनआरएनए

- फुटबाट जोगाउन १०औं महाधिवशेनमा तीन जना अध्यक्ष हुने विधान बन्यो । जसमा डा. बद्री केसी, कुल आचार्य र रविना थापा पालैपालो अध्यक्ष बने । कार्यकाल सकेपछि सर्वोच्चले यो समिति नै अवैधानिक भनेर घोषणा गरिदियो ।
- २०८० कात्तिकमा भएको ११औं महाधिवेशनबाट अध्यक्षमा बद्री केसी चुनिनासाथ कार्यक्रमस्थलमै भाँडभैलो मच्चियो । प्रतिस्पर्धी दुई उम्मेदवारले अनलाइन भोटिङ प्रणाली कब्जामा लिएर चुनावमा धाँधली गरेको आरोप लगाउँदै राजकुमार शर्मा (आरके)ले बेग्लै कार्यसमिति बनाए ।
- शेष घलेले आफ्नी श्रीमती जमुना घलेलाई अध्यक्ष बनाउने प्रयास गरे, सकेनन् । त्यसपछि अमेरिकाका व्यवसायी सोनाम लामालाई अघि सारे, उनलाई पनि अध्यक्ष बनाउन सकेनन् । यसपटक भने कांग्रेसनिकट महेश श्रेष्ठलाई अध्यक्ष बनाइछाडे ।

■ प्रभाव संवाददाता



**गैरआवासीय नेपाली संघ (एनआरएनए) को आइतबार काठमाडौंमा भएको एकता महाधिवेशनबाट निर्वाचित नयाँ कार्यसमिति । एमालेनिकट डा. बद्री केसी नेतृत्वको समूह भने यो महाधिवेशनमा सहभागी भएन ।**

**काठमाडौं–** विदेशी लगानी भित्र्याउने र नेपालको विदेश सम्बन्ध उच्चस्तरीय बनाउने उद्देश्यसहित स्थापना भएको गैरआवासीय नेपाली संघ (एनआरएनए) फेरि फुटेको छ । पटक-पटक फुट्दै-जुट्दै आएको एनआरएनएले यसपटक भने एकता महाधिवेशनको नाममै फुटाएको हो ।

आफूलाई व्यावसायिक लगानीकर्ता भने पनि नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रको गोटी बन्दै आएका एनआरएनए अभियन्ताहरू यसपटक महाधिवेशनका लागि हायात होटलमा जुटेका थिए । चर्को विवाद कायमै रहेको समयमा तत्कालका लागि सार्न भनिएकोमा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाको उपस्थितिमा जापान निवासी व्यवसायी महेश श्रेष्ठलाई अध्यक्ष बनाउँदै एकता महाधिवेशन सम्पन्न भएको छ । ११औं महाधिवेशनमा पराजित शर्मा पनि अध्यक्षमा आकांक्षी थिए तर अन्तिममा उनले श्रेष्ठलाई अध्यक्षको रूपमा स्वीकारेपछि परराष्ट्रमन्त्री राणा महाधिवेशनस्थल पुगेकी थिइन् । त्यसपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल पनि अन्तिममा महाधिवेशनस्थल पुगे ।


क्रमशः पृष्ठ २ मा


## कहिले कार्यसमिति नै अवैधानिक कहिले तीन जना अध्यक्ष

एनआरएनएमा अस्ट्रेलियाका धनाढ्य शेष घले पूर्वअध्यक्ष हुन् । उनी आफ्नो श्रीमती जमुना घलेलाई पनि अध्यक्ष बनाउन चाहन्थे । आठौं महाधिवेशनमा जमुना अध्यक्षमा भिडेकी थिइन् । त्यतिबेला भवन भट्ट अध्यक्षमा निर्वाचित भएसँगै एनआरएनएमा फुट सुरू भएको हो ।

त्यसपछि भने एनआरएनएका चुनावमा रमाइला घटनाहरू भए । फुटबाट जोगाउन १०औं महाधिवशेनमा तीन जना अध्यक्ष हुने विधान बन्यो । जसमा डा. बद्री केसी, कुल आचार्य र रविना थापा पालैपालो अध्यक्ष बने । सर्वोच्चले यो समिति नै अवैधानिक भनेर घोषणा गरिदियो, जतिबेला डा. केसीको नेतृत्वमा नयाँ कार्यसमिति आइसकेको थियो । ललितपुरको हिमालय होटलमा भएको महाधिवेशनले विधानविपरीत आचार्य, केसी र थापालाई एकैचोटि अध्यक्ष बनाएको थियो । सोही कार्यसमितिलाई २०८० चैतमा सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना प्रधान मल्ल र डा. नहकुल सुवेदीको इजलासले गैरकानुनी घोषणा गरिदियो ।

सर्वोच्चको आदेशमा भनिएको छ, 'विधान संशोधनसम्बन्धी प्रत्यर्थी मन्त्रालयको मिति २०७८ चैत १३ को र तत्पश्चात् पुनः मिति ०७९ फागुन १४ मा गरिएको निर्णयसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । उल्लिखित विधानबमोजिम भएको भनिएको महाधिवेशन तथा निर्वाचनले समेत मान्यता प्राप्त गरेको मान्न मिलेन ।'


क्रमशः पृष्ठ २ मा


# गिजोलियो जनमत-नाउपा एकता


अहिले त पदाधिकारीदेखि संसदीय दलमा पनि टुंग्याएर जाऔं भन्ने छ । त्यसले एकता घोषणा मिति तोक्न सकेका छैनौं ।

■ **अब्दुल खान**
उपाध्यक्ष, जनमत पार्टी


हामीले जे-जे गर्न बाँकी छ, गरिरहेका छौं । तपाईंहरूले यही महिना पार्टी मिलेको देख्न पाउनुहुन्छ ।

■ **ठाकुरसिंह थारू**
महासचिव, नाउपा

■ जेबी योञ्जन

**काठमाडौं–** मधेस र पश्चिम तराई आधारभूमि रहेको जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी (नाउपा)को एकता घोषणा अनिश्चित भएको छ । दुवै दलका नेताहरू संवादमा बसेर फेरि पार्टी एकता घोषणा मिति तोक्न अक्षम देखिएका छन् ।

यसअघि यही १७ वैशाखमा एकता घोषणासभा राखिएको थियो । त्यसैदिन नाउपा संरक्षक रेशमलाल चौधरी पक्राउ परे । साढे पाँच घण्टा थुनामा बसेर रिहा भए । यसरी उनको अप्रत्यासित पक्राउ र रिहाले दुई पार्टीको एकता भाँडियो ।

त्यसैदिन अबेर नयाँ बानेश्वरको एक होटलमा दुवै पार्टीका शीर्षस्थ नेताहरू छलफलमा जुटे । तर, फेरि एकता घोषणासभाको मिति तोक्न असफल भए । हालसम्म मिति तोकिएको छैन ।

जनमतका उपाध्यक्ष अब्दुल खानका अनुसार पार्टी एकताअघि प्याकेजमै नेतृत्व, सचिवालय, पदाधिकारी, केन्द्रीय कार्यकारिणीदेखि संसदीय दलमा जिम्मेवारी बाँडफाँट गर्नुपर्ने आवाज दुवै पार्टीमा उठेको छ । यसअघि पार्टीको सैद्धान्तिक पाटोदेखि पार्टी नाम र नेतृत्वदायी जिम्मेवारीमा रहने तीन नेताको पदमा टुंगो लागेको थियो । अन्य नेताको जिम्मेवारीबारे छलफल भएको थियो । यतिबेला पनि त्यो विषय उठेको उपाध्यक्ष खानले बताए । त्यसो हुँदा एकता घोषणा मिति छिटो तोकेर अघि बढ्न नसकिएको बताए । 'अस्ति पार्टी नाम के हुने ? संरक्षक, कार्यकारी अध्यक्ष र सहअध्यक्ष को-को हुने ? त्यसमा सहमति जुटेको थियो र एकता घोषणासभा आयोजना गर्‍यौं तर त्यसदिन हाम्रो नेता रेशमलाल चौधरीको पक्राउले एकता घोषणा गर्न पाएनौं,' उनले प्रभावसँग भने, 'अहिले त पदाधिकारीदेखि संसदीय दलमा पनि टुंग्याएर जाऔं भन्ने छ । त्यसले एकता घोषणा मिति तोक्न सकेका छैनौं ।'

दुई पार्टीबीच एकता भएपछि नाम नागरिक जनमत पार्टी हुने भएको छ । यसमा दुवै पार्टीको एकता कार्यदलले सहमति जुटाएको हो । पार्टी संरक्षक रेशम नै हुने भएका छन् । कार्यकारी अध्यक्ष डा. सिके राउत र सहअध्यक्ष रञ्जिता श्रेष्ठ रहने भएकी छन् । सचिवालय, पदाधिकारी, केन्द्रीय कार्यकारिणी कति जना रहने ? त्यही विषयमा सहमति जुटेको छैन ।

हाल बहसको क्रममा जनमत पक्षका नेताहरूले पदाधिकारी ३० भन्दा बढी हुनसक्ने बताएका छन् । नाउपा पक्षले बढीमा २५ जना हुनुपर्ने भन्दै आएको छ । केन्द्रीय समितिको आकारलाई लिएर पनि दुवै दलबीच मतभिन्नता छ । जनमतका नेताहरूले केन्द्रीय समितिमा ४०० भन्दा बढी हुनुपर्ने राय राख्दै आएका छन् । नाउपाका नेताहरूले दुवै पक्षबाट १७५/१७५ गरी ३५० जनाभन्दा बढी हुन नहुने भन्दै आएका छन् ।


क्रमशः पृष्ठ २ मा







**सन्दर्भः वैदेशिक रोजगार**

# मलेसिया रोजगारीमा सिण्डिकेटको हल्ला

## तथ्यहीन हल्लाले त्रासमा व्यवसायी, सरकार भन्छ- सिण्डिकेट गैरकानुनी


हजारौं व्यवसायीले व्यवसाय गरिरहेको अवस्थामा सीमितले मात्र व्यवसाय गर्छु भनेर सोच्नु दिवास्वप्न हो । त्यो हुनै सक्दैन ।

■ **भुवनसिंह गुरुङ**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ


सिण्डिकेट ल्याउन नेपालमा सम्भव छैन । यो 'हाइपोथेटिकल' हो । अफवाह फैलाएर व्यवसायीलाई त्रसित बनाउन खोजिएको हुनसक्छ ।

■ **मेघनाथ भुर्तेल**
निवर्तमान महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघंघ


बजारमा सबैलाई खुलारूपमा प्रतिस्पर्धा गर्ने अधिकार छ । २५ वटा कम्पनीलाई मात्र कोटा दिने अधिकार सरकारलाई हुन्छ होला त ?

■ **डण्डुराज घिमिरे**
प्रवक्ता, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

■ ममता थापा

**काठमाडौं–** करिब एक वर्षपछि मलेसियामा रोजगारी खुला हुँदा खुसी हुनुपर्ने वैदेशिक रोजगार व्यवसायीहरू 'सिण्डिकेट' (एकाधिकार) को हल्लाले उल्टै सशंकित बनेका छन् । हाल सञ्चालनमा रहेका करिब एक हजार म्यानपावर कम्पनीमध्ये झण्डै आधाले मलेसियामा कामदार पठाउँदै आएका छन् । सिण्डिकेटको हल्लाले उनीहरू त्रासमा देखिएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघदेखि अन्य घटक संस्थाले धमाधम विज्ञप्ति निकालेर व्यवसायीलाई सिण्डिकेटबाट सचेत हुन आग्रह गर्दै आएका छन् ।

आइतबार संघले सिण्डिकेट लागू गर्ने षड्यन्त्र भइरहेको भन्दै त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमार्फत जनायो । त्यसैगरी, गत वैशाख १२ गते मलेसियास्थित नेपाली दूतावासले मागपत्र खुलाएको सूचना प्रकाशित गरेको भोलिपल्टै प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले विज्ञप्तिमार्फत सिण्डिकेटधारी समूहले विशेष सूचीमा रहेका कम्पनीमार्फत मात्र कामदार पठाउन पाइने भनेर भ्रामक प्रचार गरिरहेको बताएको थियो । त्यसपछि मञ्चले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीलाई भेटेर मलेसियाको सिण्डिकेट रोक्न ध्यानाकर्षण गराएको थियो ।

मलेसियाले रोजगार खुलाउनुअघि पनि यसैगरी एकाधिकार ल्याउन खोजिएको विषयले व्यवसायीमाझ चर्चा पाएको थियो । हालसम्म २५ जना व्यवसायी मिलेर सिण्डिकेट लागू गर्न खोजिएको बताइन्छ । तर ती २५ जना व्यवसायी को-को हुन् भन्ने कसैले पनि बाहिर ल्याउन सकेका छैनन् । यस विषयमा व्यवसायीका आ-आफ्नै तर्कबाहेक ठोस प्रमाण छैन ।

संघका निवर्तमान महासचिव मेघनाथ भुर्तेल सिण्डिकेट लगाउन सम्भव नरहेको बताउँछन् । अहिले चलेको हल्ला केवल काल्पनिक मात्र भएको उनको दाबी छ । यो हल्लाले सशंकित बनाउने काम गरेको उनले बताए । 'गत फेब्रुअरी २६ मा दूतावासको पत्र सामाजिक संजालमा भेटिएपछि दूतावासलाई हामीले विभिन्न माध्यमबाट सोध्दा पत्रको विषयमा केही थाहा छैन भनेको थियो । त्यस्तै एकपटक मलेसियाबाटै श्रमिक पठाउन त्यत्रा हजारौं म्यानपावर आवश्यक छैन भन्ने कुरा आएको सुन्यौं । यस विषयमा सोध्दा सरकारले थाहा छैन भनेको थियो,' भुर्तेलले भने, 'यी घटनालाई हेर्दा शंका गर्ने ठाउँ छन् । तर यसलाई पुष्टि गर्ने आधार भेटिएको छैन । हल्लैहल्लाको देशमा नभएको कुरा पनि हो जस्तै बनाइदिन्छन् ।'

सरकारलाई सोध्दा होइन भन्ने कुरा आउने गरेको तर बजारमा अर्कै हल्ला सुनिने गर्दा यथार्थ पत्ता लगाउन कठिन भएको भुर्तेलले बताए । अफवाह फैलाएर व्यवसायीलाई त्रसित बनाउन खोजिएको हुनसक्ने आशंका उनले व्यक्त गरे । 'यो-यो कारणले हो भनेर प्रस्ट पार्ने आधार पनि छैन । होइन भनौं भने विगतमा गाम्का, बायोमेट्रिक्स त्यसैगरी आएका छन् । यसर्थ सिण्डिकेटको यथार्थ के हो भन्ने अन्योल नै छ,' भुर्तेलले भने ।


क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

# एकताको नाममा...

श्रेष्ठ कांग्रेसनिकट व्यवसायी हुन् । कांग्रेसनिकट अधिवक्ता गोपालकृष्ण घिमिरेको संयोजकत्वमा गठन भएको निर्वाचन समितिले श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित भएको घोषणा गरेका हुन् ।

### को-को निर्वाचित ?

महेश श्रेष्ठको अध्यक्षतामा चुनिएको कार्यसमितिमा उपाध्यक्ष खगेन्द्र न्यौपाने, लोकप्रसाद दाहाल, सुनिल कुमार साह, बुद्धि सागर सुवेदी, मनोजकुमार श्रेष्ठ (गोर्खाली), विश्वासदीप लिम्बू (तिगेला) तथा महिला उपाध्यक्षमा जुनु गुरुङ निर्विरोध निर्वाचित भए । यसैगरी महासचिवमा बाबुराम (बिआर) लामा, सचिवमा चिन्तामणि सापकोटा, टंकप्रसाद गैरे र तिलकप्रसाद गैरे निर्वाचित भएका छन् । यसैगरी महिला सचिवमा देविका केसी, कोषाध्यक्षमा ठाकुरप्रसाद ढुंगाना, सहकोषाध्यक्षमा कृष्णप्रसाद पोखरेल, युवा संयोजकमा भीमसेन थापा, महिला संयोजकमा रश्मी थापा निर्विरोध निर्वाचित भए । मध्यपूर्व क्षेत्रीय संयोजकमा रमेश श्रेष्ठ, एसिया प्रशान्त क्षेत्रीय संयोजकमा डा. बलराम श्रेष्ठ, युरोप क्षेत्रीय संयोजकमा प्रेमबहादुर गुरुङ, उत्तर दक्षिण अमेरिका क्षेत्रीय संयोजक डिलुराम पराजुली, ओसेनिया क्षेत्रीय संयोजकमा इर्सद अहमद निर्वाचित भएका छन् ।

यस्तै क्षेत्रीय उपसंयोजकहरूमा युरोप क्षेत्रीय उपसंयोजकमा मीमबहादुर पुर्जा र माधव पोखरेल, मध्यपूर्व क्षेत्रीय उपसंयोजकमा श्रीकृष्ण भट्टराई र सुनिलकुमार घिमिरे, उत्तर दक्षिण अमेरिका क्षेत्रीय उपसंयोजकमा विश्वराज बास्तोला र नरबहादुर टण्डन क्षेत्री, ओसियाना क्षेत्रीय उपसंयोजकमा रामप्रसाद कँडेल र प्रताप राना निर्वाचित भएका छन् ।

# कहिले कार्यसमिति...

उक्त महाधिवेशन बदर भएसँगै शेष घले नेतृत्वको एनआरएनए ब्युँतिएको थियो । त्यतिबेला विधानविपरीत महाधिवेशन गरेको भन्दै घले पक्षले विनोद कुँवरको नेतृत्वमा अर्को कार्यसमिति गठन गरेको थियो । अदालतले उक्त कार्यसमितिलाई पनि खारेज गरिदियो । २०७८ पछि एनआरएनले २०८० कात्तिकमा होटल सोल्टीमा ११औं महाधिवेशन गरेको थियो । उक्त महाधिवेशनबाट डा. केसी अध्यक्षमा निर्वाचित भए । तर उक्त महाधिवेशन झनै रोचक बन्यो । अध्यक्षमा केसी चुनिनासाथ कार्यक्रमस्थलमै भाँडभैलो भएको थियो । प्रतिस्पर्धी दुई उम्मेदवारले अनलाइन भोटिङ प्रणाली कब्जामा लिएर चुनावमा धाँधली गरिएको आरोप लगाएका थिए ।

एक उम्मेदवार डा. केशव पौडेलको काठमाडौंबाट झरेको मत शून्य देखिएपछि उम्मेदवारहरूले मत परिणाममाथि शंका गरे । काठमाडौंबाट ८०० भन्दा धेरैले मत खसालेका थिए । उम्मेदवार आफैंले आफैंलाई भोट नहाल्ने अवस्था हुन नसक्ने भन्दै घोषणा गरिएको मत परिणामप्रति आक्रोश पोखेका थिए । निर्वाचनमा केसी एक हजार ३७८ मत ल्याएर विजयी भएको घोषणा गरिएको थियो । यस्तै शर्माले एक हजार २८१ र श्रेष्ठले एक हजार २२५ मत प्राप्त गरेको निर्वाचन समितिले घोषणा गरेको थियो ।

मत परिणाम घोषणासँगै शर्मा र श्रेष्ठले नतिजा स्वीकार गर्न नसकिने बताएका थिए । उनीहरूले केसीको टिमले सिस्टम नै ह्याक गरेर मत कब्जामा लिएको आरोप लगाएका थिए । दुवै महाधिवेशन रद्द गर्दै एनआरएनएमा पूर्वअध्यक्षहरू शेष घले, उपेन्द्र महतोलगायत संघलाई जन्माउन र पहिचान दिलाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका व्यक्तिहरू संलग्न उच्चस्तरीय समितिमा कसैको विवाद नभएको भन्दै उक्त समितिलाई यथावत् कायम राख्ने आदेश दिएको थियो ।

उच्चस्तरीय समितिमा कुल आचार्य, डा. बद्री केसी र रविना थापा, विनोद कुँवर, उमेशकुमार पुडासैनी जानकी गुरुङ गरी छ जनालाई थप गर्न पनि सर्वोच्चले आदेश दिएको थियो । उच्चस्तरीय समितिले पहिलो बैठक बसेको मितिले छ महिनाभित्र संघको सदस्यता, निर्वाचन तथा अधिवेशन प्रतिनिधि छनोटलगायत सबै विवाद समाधान गरी एकता महाधिवेशन गराउन आदेश दिएको थियो ।

११औं महाधिवशेनबाट डा. केसी नेतृत्वको एनआरएनए आउँदा माओवादी केन्द्रनिकट राजकुमार शर्मा (आरके)ले अर्कै समिति बनाए । त्यतिबेला अहिले भएको एकता महाधिवेशनबाट निर्वाचित श्रेष्ठ पनि असन्तुष्ट थिए । आरके नेतृत्वको एनआरएनएले महेशलाई सल्लाहकार बनाएको थियो ।

### जमुना नबनेपछि सोनाम अघि सारेका थिए घलेले

आफ्नी श्रीमती जमुनालाई अध्यक्ष बनाउन नसकेपछि अमेरिका निवासी सोनाम लामालाई अध्यक्ष बनाउन तम्से घले । डलर अर्बपति घले अमेरिकाका व्यवसायी सोनामलाई एनआरएन अध्यक्ष बनाउन चाहन्थे । माओवादीनिकट भनिएका सोनाम यस्तो सेटिङ मिलाउन पार्टी छाडेर कांग्रेस प्रवेश गरे र उपाध्यक्षसम्म बन्न सफल भए । तर उनको पार्टी प्रवेशका बेला एनआरएनएमा कांग्रेसभित्रै कलह सिर्जना भएको थियो । जसकारण सोनाम अध्यक्ष बन्न वातावरण बनेन ।

आफू अध्यक्ष बन्न त्यसपछि सोनामले आफ्नै नेतृत्वमा युनाइटेड नेपाली डायस्पोरा अर्गनाइजेसन (युएइडिओ) गठन गरे । उक्त संस्थालाई दर्ता गर्न कांग्रेसबाट परराष्ट्रमन्त्री रहेका एनपी साउदले अनुमति दिए । परराष्ट्र मन्त्रालयले गैरआवासीय नेपालीहरूको संस्था युएइडिओ दर्ता गर्ने निर्णय गत कात्तिक २४ गते गरेको हो । सोनामको संयोजकत्वमा गठन भएको युएइडिओ दर्ताका लागि मन्त्रालयमा ८ वैशाख २०७९ मै निवेदन परेको थियो । तर परराष्ट्र मन्त्रालयले गैरआवासीय नेपालीहरूको एउटा मात्र संस्था हुने भन्दै दर्ता गरेको थिएन ।

संस्था दर्ताको माग गर्दै लामाको समूह सर्वोच्च पुग्यो, जसमा न्यायाधीशद्वय आनन्दमोहन भट्टराई र तीलप्रसाद श्रेष्ठको संयुक्त इजलासले साउन २०८० मा निवेदनको मागअनुसार गर्न परराष्ट्र मन्त्रालयको नाममा परमादेश दियो । सर्वोच्चको आदेशपछि मन्त्रालयले युएइडिओ दर्ताका लागि परेको कागजपत्र परीक्षण गरेको थियो ।

आफूले पाएको अख्तियारी प्रयोग गर्दै घलेले यसपटक एकताको महाविधेशन गराएको हो । तर यसमा सत्तारुढ दल नेकपा एमाले सन्तुष्ट छैन । कारण डा. केसी एमालेनिकट व्यवसायी हुन् । केसी समूहले एकता महाविधेशन औचित्यहीन भनेको छ । विज्ञप्ति जारी गर्दै बद्री केसी समूहले कात्तिक ६ गतेमात्र एकताको महाधिवेशन हुने भनिएको छ । 'संघको १२औं महाधिवेशन अर्को कुनै निर्णय नभएसम्म पूर्वनिर्धारित मिति अर्थात् २०२५ को अक्टोबर ११ देखि १४ मै हुने जानकारी पुनः गराइन्छ,' एनआरएनएका प्रवक्ता फणिन्द्र पन्तले विज्ञप्ति जारी गर्दै भनेका छन् ।

घले नेतृत्वको उच्चस्तरीय समितिमा उनीसहित उपेन्द्र महतो, जीवा लामिछाने, देवमान हिराचन, भवन भट्ट, रामप्रताप थापा, कुमार पन्त, विनोद कुँवर, उमेशकुमार पुडासैनी, जानकी गुरूङ, कुल आचार्य, बद्री केसी र रविना थापा थिए । संस्थापक अध्यक्ष महतोले यसअघि नै एक विज्ञप्ति जारी गर्दै मे महिनामा एकता महाधिवेशन भए आफू सहभागी नहुने बताएका थिए । 'गैरआवासीय नेपाली संघ संस्थामात्र होइन, अभियान पनि हो । यसर्थ, यस अभियानलाई विचलित पार्ने गरी मे महिनामा हुने भनिएको अधिवेशन एकताको महाधिवेशन हुन नसक्ने भएकोले त्यस महाधिवेशनमा मेरो कुनै पनि संलग्नता र सहभागिता नरहने स्पष्ट पार्दछु,' महतोले भनेका थिए । यसैगरी पूर्वअध्यक्षहरू लामिछाने, भट्ट, पन्त, संस्थापक रामप्रताप थापा र केसी महतो पक्षमा देखिँदै आएका छन् ।

# गिजोलियो ...

यी दुईवटा पार्टीको कमिटीमै संख्यालाई लिएर मतभेद कायम रहँदा एकता घोषणा झन अनिश्चयतिर धकेलिएको हो । संसदीय दलको नेता डा. राउत हुने देखिएको छ । उनी पार्टी अध्यक्ष हुनाले दलको नेताको सम्भावना देखिएको हो । प्रमुख सचेतक र सचेतक भने कुन दलबाट को हुने ? टुंगिएको छैन ।

हाल प्रतिनिधिसभामा जनमत पार्टीका छ जना सांसद छन् । नाउपाका चार जना सांसद छन् । प्रदेशमा जनमतको १६ जना र नाउपाको १२ जना सांसद छन् । संसदीय गणितमा नाउपाभन्दा जनमत अगाडि देखिन्छ । अब संसदीय दलदेखि पार्टी सचिवालय, पदाधिकारीदेखि केन्द्रीय समितिसम्मै सहमति जुटाएर एकता घोषणा गर्नुपर्ने अवस्थामा आइपुगेको नाउपा महासचिव ठाकुरसिंह थारुले बताए । उनको दाबीअनुसार यही महिनाभित्र एकता घोषणा हुन्छ ।

'हामीले जे-जे गर्न बाँकी छ, गरिरहेका छौं । तपाईंहरूले यही महिना पार्टी मिलेको देख्न पाउनुहुन्छ,' उनले भने । पार्टीको चुनाव चिह्नबारे भने सहमति जुटेको छ । सहमतिमा चुनाव चिह्न 'ढकिया' हुने भनिएको छ । पार्टी संगठन पनि भूगोलका आधारमा बाँडफाँट भएको छ । चितवन पूर्व डा. राउत र चितवन पश्चिम श्रेष्ठले हेर्ने भनिएको छ ।

दुई दलबीच एकताका लागि लामो समय कार्यदल तहमा छलफल भएको थियो । कार्यदलले नै मधेसमा बलियो राजनीतिक शक्ति निर्माणको रूपरेखा तयार गरेको थियो । हुन पनि एकता भएको अवस्थामा संसद्को छैटौं ठूलो दल नाजपा बन्छ । सत्तामा मोलमोलाइ गर्ने क्षमता बढ्छ ।

जबकि, यतिबेला मधेस आन्दोलनको मूल शक्ति जनता समाजवादी पार्टी (जसपा) नेपाल भने सानो दलमा खुम्चिएको छ । यो दलको अध्यक्ष मधेसमा विद्रोहको नेतृत्व रहेका उपेन्द्र यादव छन् । यही दलबाट विभाजित हुँदै अशोक राईले गठन गरेको दल जसपा भने अझ ठूलो छ । तर, दुई दलबीच एकता भएर नाजपा भने मधेसबाट संघीय संसद्मा प्रतिनिधित्व गर्ने महत्त्वपूर्ण शक्ति हुने सम्भावना छ ।

# मलेसिया...

संघको वर्तमान कार्यसमितिले पत्रिकामा विज्ञप्ति निकालेर पन्छिने काममात्र नगरी सम्बन्धित निकायसँग लबिइङ गरेर सत्यसथ्य पत्ता लगाउनुपर्ने उनको सुझाव छ । संघका अध्यक्ष भुवनसिंह गुरुङ सिण्डिकेट कुनै पनि हालत लागू हुन नदिने बताउँछन् । 'आमव्यवसायीले व्यवसाय गरेर जीविकोपार्जन गर्न पाउनुपर्छ भन्ने हाम्रो मान्यता हो । हजारौं व्यवसायीले व्यवसाय गरिरहेको अवस्थामा सीमितले मात्र व्यवसाय गर्छु भनेर सोच्नु दिवास्वप्न हो । त्यो हुनै सक्दैन,' गुरुङले भने ।

मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरे मुलुकमा सिण्डिकेट लागू गर्ने कानुनी प्रावधान नै नभएको बताउँछन् । त्यसैले सिण्डिकेट लगाउन सम्भवै नभएको उनको भनाइ छ । 'बजारमा सबैलाई खुलारूपमा प्रतिस्पर्धा गर्ने अधिकार छ । व्यवसायीले भनेजस्तो २५ वटा कम्पनीलाई मात्र कोटा दिने अधिकार सरकारलाई हुन्छ होला त ?,' उनले प्रश्न गरे ।

मलेसियाको कम्पनीसँग समन्वय गरेर मागपत्र ल्याउने काम म्यानपावर कम्पनी आफैंले गर्ने भएकाले यो प्रक्रियामा सरकार कहीँ पनि संलग्न नहुने उनले प्रस्ट पारे । 'यहाँका म्यानपावरले मलेसियाका कम्पनीसँग सम्झौता नगरी कामदार लैजाने काम हुँदैन । सिस्टमले गर्नै नमिल्ने बनाइदिएको छ । मान्छेको दिमागमा त जे पनि आउँछ । तर चाहनु र गर्नुमा फरक छ । यदि त्यस्तो भएको भए यहाँ आगो बल्दैनथ्यो ? यो हुनै सक्दैन,' प्रवक्ता घिमिरेले भने ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Tridev Traders Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | INDOFRESH | IF82-25Y01 | N/A | CHINA | PCS | 7,180.00 | 8,198.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | INDOFRESH | IF82-25Y02 | N/A | CHINA | PCS | 7,200.00 | 8,220.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | INDOFRESH | IF82-25Y03 | N/A | CHINA | PCS | 7,350.00 | 8,385.00 | |
| 4 | RANGEHOOD CHIMNEY | N/A | ADVANCE | AV82-25Y02 | N/A | CHINA | PCS | 7,220.00 | 8,242.00 | |
| 5 | RANGEHOOD CHIMNEY | N/A | ADVANCE | AV82-25Y03 | N/A | CHINA | PCS | 7,380.00 | 8,418.00 | |

बिक्रेताको फर्मको नाम: Tridev Traders Pvt. Ltd. — स्थायी लेखा नं: 602397146
ठेगाना: Pepsikola-32, Kathmandu, Nepal — फोन नं: 9851071012

## युएइमा रोजगार

कम्पनी : Cosmoplast Industrial Co. L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ — LT. No. 323033 — चलानी नं. ६०२३६९२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 37 | 0 | 1000 | ३६,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Machine Operator | 20 | 0 | 1500 | ५५,२२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २९ गते (12th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Broadway Overseas Employment Service Pvt. Ltd. — Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9851116030, 985-1023153, 9810318569, 9851149772, 9851071774

## मलेसियामा रोजगार

कम्पनी : TOP GUARDS SECURITY & CONSULTANCY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ — LT. No. 322875 — चलानी नं. ६०२३६८९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 150 | 0 | 1700 | ५४,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २९ गते (12th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD. — Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np

## युएईमा रोजगार

कम्पनी : Mohammed Abdulmohsin Al Kharafi And Sons Llc Dubai

पूर्व स्वीकृति मिति : २०८१/०२/१४ — पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/२१ — LT. No. 305439 — चलानी नं. ६०२२०१८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 91 | 0 | 1200 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : I F M FACILITIES MANAGEMENT- L.L.C-O.P.C

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ — LT. No. 322935 — चलानी नं. ६०२३६९६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER MALE | 25 | 0 | 800 | २९,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Room Attendants | 25 | 0 | 1200 | ४४,१८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २९ गते (12th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AIR KINGS PLACEMENT PVT. LTD.(VRINDIT SERVICES PVT. LTD.)
Kupandol-10, Lalitpur, Nepal Phone No.01-5424006, 5427196

## जापानमा रोजगार

कम्पनी : International Information Business Cooperative

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ — LT. No. 322788 — चलानी नं. ६०२३६९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry | 2 | 0 | 250000 | २३६,९४५ | क.नि. अनुसार | ६ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

- **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:** (क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।
- **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:** (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्केपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
  १. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
  २. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
  ३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

  नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।
- **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
  द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्नु परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय, काठमाडौंमा मिति: २०८२ वैशाख २९ गते (12th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 843/066/67 — ALL CORNICE OVERSEAS SERVICE PVT.LTD.
Tokha 10 Samakhusi, Kathmandu, Nepal, Tel: +977-1-4950802 / 4950308, Mob: 9869105999, 9805118339
E-mail : info@allcorniceoverseas.com, allcornice99@gmail.com, Web: allcorniceoverseas.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**सोमबार, २२ वैशाख, २०८२**

| | |
|---|---|
| **मेष** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृष** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **मिथुन** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **कर्कट** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **सिंह** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **कन्या** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |
| **तुला** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृश्चिक** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **धनु** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **मकर** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **कुम्भ** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **मीन** | रोकिएका काम सम्पादन हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२२ वैशाख, २०८२ (०५, मे २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३५.०४ | १३५.६४ |
| युरो | १ को | १५३.१३ | १५३.८१ |
| पाउन्ड स्टिर्लङ | १ को | १७९.५५ | १८०.३५ |
| स्विस फ्रैन्क | १ को | १६३.९१ | १६४.६४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९१ | ८७.३० |
| क्यानाडियन डलर | १ को | ९७.७१ | ९८.१४ |
| सिङ्गापुर डलर | १ को | १०४.१९ | १०४.६६ |
| जापानी येन | १० को | ९.३५ | ९.३९ |
| चिनियाँ युआन | १ को | १८.५७ | १८.६५ |
| साउदी अरब रियाल | १ को | ३६.०१ | ३६.१७ |
| कतारी रियाल | १ को | ३७.०५ | ३७.२१ |
| थाई भाट | १ को | ४.०९ | ४.११ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.७७ | ३६.९३ |
| मलेसियन रिङेट | १ को | ३१.६९ | ३१.८३ |
| दक्षिण कोरियन वन | १०० को | ९.६५ | ९.६९ |
| स्विडिस क्रोनर | १ को | १३.९९ | १४.०६ |
| डेनिस क्रोनर | १ को | २०.५२ | २०.६१ |
| हङकङ डलर | १ को | १७.४२ | १७.५० |
| कुवेती दिनार | १ को | ४४०.३४ | ४४२.३० |
| बहराइन दिनार | १ को | ३५८.१८ | ३५९.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# पाटन संग्रहालय परिसरमा अत्याधुनिक शौचालय

■ विविशा पौडेल



**काठमाडौं–** ललितपुर महानगरपालिकाले पाटन संग्रहालय परिसरमा पर्यटकमैत्री अत्याधुनिक शौचालय निर्माण गरेको छ । उक्त शौचालय आइतबारबाट प्रयोगका लागि खुला गरिएको छ । ललितपुर महानगरका प्रमुख चिरीबाबु महर्जन र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव विनोदप्रकाश सिंहले नवनिर्मित शौचालय भवन आइतबार उद्घाटन गरेका हुन् ।

सम्पदा क्षेत्रको मौलिकता कायम राख्दै निर्माण गरिएको उक्त शौचालय १०६६ वर्गफुट क्षेत्रफलमा फैलिएको महानगरले जनाएको छ । यो शौचालयमा पुरुषका लागि छ वटा पिसाब गृहसहित तीन वटा शौचालय कक्ष, महिलाका लागि छ वटा शौचालय कक्ष, एक अपांगतामैत्री शौचालय तथा एक स्तनपान कक्ष समावेश गरिएको छ ।

महानगरका पूर्वाधार निर्माण महाशाखा प्रमुख प्रदीप पौडेलले ह्याण्ड ड्रायर, सेनेटरी वेस्ट इन्सिनरेटर, सेन्सर प्रणालीमा आधारित पिसाब गृह र पानीको धारासमेत जडान गरिएको बताए । साथै, शौचालयको निर्माणमा सेफ्टी ट्यांक स्ल्याब ढलानबाहेक अन्य संरचनामा सिमेन्ट र छडको प्रयोग नगरिएको उनको भनाइ छ । छाना झिंगटी टायल प्रयोग गरी दुईपाखे स्वरूपमा निर्माण गरिएको छ । शौचालयको बाहिरी स्वरूप परम्परागत शैलीमा काष्ठकला र चुना सुर्की मिश्रित मा-अपा इँटा प्रयोग गरेर तयार गरिएको छ ।

महानगर प्रमुख महर्जनले लामो समयको लगानी र सबैका सहयोगपछि एउटा राम्रो निर्माण कार्य भएको बताए । उनले भने, 'कतिपय यस्ता संरचनाहरू उद्घाटनपछि दुर्गन्धित हुने गरेका छन् । त्यसकारण निर्माण सम्पन्न भइसकेपछि पनि लामो समयसम्म दुर्गन्धित नहोस् भनेर स्मार्ट शौचालय बनाउने अभियान सञ्चालन गरेको हौं ।' यस्ता संरचना भएको अन्य स्थानमा नुहाउने कक्ष राखेको यहाँ विशेष अपांगतामैत्री भएकाले यो स्थानमा भने नराखेको महर्जनले बताए ।

ललितपुर महानगर-९ का वडाध्यक्ष राजु महर्जनले विभिन्न चोकमा भएका संरचनाहरूलाई पनि अत्याधुनिक बनाउँदै लैजाने बताए । उनले भने, 'महानगरपालिकाले दुर्गम भएका भौतिक संरचनालाई सुगम बनाउँदै आएको छ । धेरै ठाउँमा शौचालय बनाएको छ । पर्यटकलाई ध्यानमा राखी निर्माण कार्य गर्दै आएको छ ।' अत्याधुनिक प्रविधिको प्रयोगमार्फत सार्वजनिक पूर्वाधार विस्तारमा सक्रिय भूमिका खेलेको उनको भनाइ छ ।

बोलपत्रमार्फत टेण्डर आह्वान गरी पिपी एण्ड पी सिर्जनशील जेभी काठमाडौंलाई उक्त शौचालय निर्माणको जिम्मा दिइएको थियो । २०७९ सालको अन्त्यतिर सुरु भएको यस योजनाको प्रारम्भिक ठेक्का रकम एक करोड १० लाख ७५ हजार रूपैयाँ थियो । निर्माण सम्पन्न हुँदा कूल लागत एक करोड २६ लाख ५१ हजार रूपैयाँ पुगेको महानगरले जनाएको छ । २०७८ सालमा सम्झौता गरिएको यो परियोजना गत कात्तिक २५ गते सम्पन्न भएको थियो । निर्माण कार्य सम्पन्न भएपछि एक वर्षको त्रुटि सच्याउने अवधि तोकिएको छ, जसको समाप्ती मिति आगामी कात्तिक २५ गते रहेको छ ।

# ७३ वर्षीया सूर्यवती पनि कक्षा १२ को परीक्षामा सहभागी



**काठमाडौं (प्रस)–** माध्यामिक विद्यालय तहको कक्षा १२ को यस वर्षको वार्षिक परीक्षा आइतबारदेखि सुरु भएको छ । बिहान ८ बजेदेखि ११ बजे सञ्चालन भएको पहिलो दिनको परीक्षा शान्तिपूर्ण रूपमा सम्पन्न भएको राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिए ।

आगामी जेठ २ गतेसम्म सञ्चालन हुने उक्त परीक्षामा देशभर एक हजार ५९० र जापानमा एक परीक्षा केन्द्र निर्धारण गरेको बोर्डले जानकारी दिएको छ । सबैभन्दा बढी काठमाडौंमा १६२ र मनाङ-मुस्ताङ जिल्लामा एक-एक केन्द्र निर्धारण गरिएको छ । परीक्षामा पाँच हजार २०२ विद्यालयका नियमिततर्फ एक लाख ९८ हजार ८७५ छात्र र एक लाख ९७ हजार १३ छात्रा गरी तीन लाख ९५ हजार ९०८ परीक्षार्थी सहभागी छन् ।

त्यसैगरी आंशिकतर्फ एक लाख १५ हजार ६१७ जना गरी कूल पाँच लाख ११ हजार ५२५ परीक्षार्थीले परीक्षका लागि फर्म भरेको अध्यक्ष शर्माले जानकारी दिए । यस वर्ष सबैभन्दा कम मनाङबाट ४५ परीक्षार्थी सहभागी हुँदैछन् भने सबैभन्दा धेरै काठमाडौंबाट ६८ हजार १३३ परीक्षार्थी सहभागी हुने परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिए । कारागार वा बाल सुधारगृहमा रहेका परीक्षार्थीलाई परीक्षा दिने व्यवस्था गरिएको छ ।

यसैबीच, काठमाडौं तारकेश्वर नगरपालिका-१० स्थित मनमैजुस्थित एन्जल्स हार्ट सेकेण्डरी स्कुलको परीक्षा केन्द्रबाट ७३ वर्षीया सूर्यवती खनालले परीक्षा दिएकी छन् । उनी तारकेश्वर-११ स्थित ग्रामीण आदर्श बहुमुखी क्याम्पसका विद्यार्थी हुन् ।

प्रवेशपत्रमा उनको जन्म २००९ साउन ९ गते उल्लेख छ । चार छोराछोरीका आमा तथा तीन जना नातिनातिनाका हजुरआमा खनालले छोराछोरी हुर्किएका र पढ्न रहर भएपछि विद्यालय भर्ना भई नियमित पढाइ अगाडि बढाएकी हुन् । उनले एसइई परीक्षा गोंगबुस्थित चेतना महिला माध्यामिक विद्यालयबाट उतीर्ण गरेकी थिइन्।उनकाश्रीमान्विद्यालयका शिक्षक हुन् ।

# प्रहरीमा 'स्टाफ कलेज कोर्स' लागू, असल नेतृत्व निर्माण गर्ने गृहमन्त्रीको अपेक्षा




**काठमाडौं (प्रस)–** गृहमन्त्री रमेश लेखकले स्टाफ कलेजमा पढाइ हुने कोर्सले प्रहरीमा असल नेतृत्व निर्माण र संगठनलाई असल नेतृत्व प्रदान गर्ने बताएका छन् ।

आइतबार बिहान काठमाडौंमा स्टाफ कलेज कोर्सको उद्घाटन गर्दै गृहमन्त्री लेखकले स्टाफ कलेजले नेपाल प्रहरीको नेतृत्व निर्माणमा असल भूमिका खेल्नेमा विश्वास व्यक्त गरेका हुन् ।

'आज नेपाल प्रहरीका लागि महत्त्वपूर्ण र ऐतिहासिक दिन हो । राष्ट्र सेवामा समर्पित प्रहरीले गर्दै आएको काममा एउटा थप राम्रो काम भएको छ,' गृहमन्त्री लेखकले भने, 'यो कोर्स लागू भएपछि सकारात्मक परिवर्तन आउनेमा आशावादी छु ।'

गृहमन्त्री लेखकले कलेजबाट प्रहरीमा व्यावसायिकता, प्रतिबद्धता, इमान्दारिता र कामप्रति समर्पित, सीप, ज्ञान, क्षमता र दक्षता भएको जनशक्ति उत्पादन हुने अपेक्षा व्यक्त गरे ।

वि.सं. २०७० मा प्रहरी निरीक्षकमा भर्ना भएको ब्याचबाट यो कोर्स लागू गरिएको प्रहरीले जानकारी दिएको छ । उक्त ब्याचबाट १७ जना उत्तीर्ण भएका थिए । प्रहरी सेवालाई आधुनिकीकरण, नेतृत्व क्षमताको विकास र अधिकृतलाई बदलिँदो सुरक्षा परिवेशसँग जुध्न सक्षम बनाउन स्टाफ कलेज कोर्स एक रणनीतिक कदम भएको जनाइएको छ ।


## फिक्कल गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
खाङसाङ, सिन्धुली
बागमती प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः- २०८२/०१/२२

यस फिक्कल गाउँपालिकाको आ.व. ०८१/८२ मा स्वीकृत कार्यक्रम अन्तर्गत तल उल्लेखित कार्य दरभाउपत्रको माध्यमबाट गराउनुपर्ने भएको हुँदा इजाजत प्राप्त व्यवसायीहरूबाट सार्बजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of works | Bid Security amount | Price of Bid document | Estimated cost without VAT | Bid Validity Period | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1.0 | FRM/Sindhuli/ Goods/SQ/ 08/081-82 | Supply and Delivery of Medical Equipment for Phikkal Hospital | Rs. 60,000.00/- | Rs. 1000/- | Rs. 22,12,090.99 /- | 45 days | Before 2082-02-06 (May. 20, 2025) 12.00 PM. |

**नोटः**- दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्न परेमा www.phikkalruralmun.gov.np हेर्नहुन वा phikkalruralmun@gmail.com वा यस कार्यालयको फोन नं. ९८५४०४५४६२ वा ९८७६०५१५७१ मा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत



**UPPER SYANGE HYDROPOWER LTD.**
**KATHMANDU, NEPAL**

Condensed Statement of Financial Position (Unaudited) as on 31st Chaitra, 2081, 3rd Quarter F.Y. 2081/82

| Particulars | This Quarter Ending Chaitra End, 2081 | Immediate Previous Year Ending (Audited) Ashadh End, 2081 |
|---|---|---|
| ASSETS | | |
| A. Non Current Assets | | |
| Property, Plant & Equiptment | 963,982 | 1,202,817 |
| Intangible Assets | 458,791,076 | 471,458,906 |
| Project Under Development | 24,810,428 | 21,619,183 |
| Investments | 10,200,000 | 10,200,000 |
| Total Non Current Assets | 494,765,486 | 504,480,906 |
| B. Current Assets | | |
| Cash and Bank | 22,405,784 | 7,139,856 |
| Inventory | - | 1,400,818 |
| Deposit, Advance & Receivables | 22,863,772 | 18,577,482 |
| Total Current Assets | 45,269,556 | 27,118,156 |
| Total Assets (A+B) | 540,035,042 | 531,599,062 |
| Equity and Liabilities | | |
| C. Equity | | |
| Share Capital | 220,000,000 | 220,000,000 |
| Reserves & Surplus | (106,604,874) | (90,306,802) |
| Total Equity | 113,395,126 | 129,693,198 |
| D. Non Current Liabilities | | |
| Long Term Loan | 338,193,586 | 341,700,000 |
| Employee Benefit Liability | 1,293,089 | 1,016,356 |
| Retention Money Payable | 1,248,060 | 1,248,060 |
| Deferred Tax Liability | 1,531,220 | 1,531,220 |
| Total Non Current Liabilities | 342,265,955 | 345,495,636 |
| E. Current Liabilities | | |
| Short Term Loan | 44,766,256 | 41,239,006 |
| Accounts & Others Payables | 39,605,940 | 15,169,457 |
| Provisions | 1,765 | 1,765 |
| Total Current Liabilities | 84,373,961 | 56,410,228 |
| Total Equity and Liabilities (C+D+E) | 540,035,042 | 531,599,062 |

**Unaudited Condensed Statement of Profit or Loss and Other Comprehensive Income For the quarter ended on 31st Chaitra, 2081, 3rd Quarter 2081/82**

| Particulars | This Year | | Corresponding Previous Year | |
|---|---|---|---|---|
| | This Quarter | Up to this Quarter (YTD) | This Quarter | Up to this Quarter (YTD) |
| Revenue from Operation | 16,202,393 | 39,880,832 | 16,507,828 | 50,607,550 |
| Cost of Operation | (998,307) | (4,211,105) | (1,221,470) | (3,078,452) |
| Gross Profit/ (Loss) | 15,204,086 | 35,669,727 | 15,286,358 | 47,529,098 |
| Other Income | 1,169 | 3,067 | 11,702,176 | 11,705,558 |
| Total Income/(Loss) from Operation | 15,205,255 | 35,672,794 | 26,988,534 | 59,234,656 |
| Employee Benefit Expenses | (1,923,856) | (6,277,195) | (1,565,969) | (5,044,492) |
| Depreciation and Amortisation | (4,307,288) | (12,923,063) | (4,307,767) | (12,925,676) |
| Administrative Expenses | (2,067,843) | (6,508,477) | (1,411,108) | (3,767,632) |
| Operation Profit / (Loss) | 6,906,268 | 9,964,059 | 19,703,690 | 37,496,856 |
| Finance Cost | (8,038,610) | (26,262,131) | (11,598,814) | (40,914,724) |
| Profit / Loss Before Staff Bonus | (1,132,342) | (16,298,072) | 8,104,876 | (3,417,868) |
| Staff Bonus | - | - | - | - |
| Profit / Loss Before Tax | (1,132,342) | (16,298,072) | 8,104,876 | (3,417,868) |
| Income Tax Expenses | - | - | - | - |
| Profit (Loss) For The Year | (1,132,342) | (16,298,072) | 8,104,876 | (3,417,868) |
| Other Comprehensive Income | - | - | - | - |
| Total Comprehensive Income | (1,132,342) | (16,298,072) | 8,104,876 | (3,417,868) |

Notes:
1. The above mentioned figures are unaudited and subject to reclassification and readjustments.
2. This condensed financial statement has been prepared complying relevant NFRS.
3. Previous period figures are regrouped wherever necessary.
4. Deferred tax liability is calculated only at the end of fiscal year.

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनसुची १४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित आ.व. २०८१/८२ को तेश्रो त्रैमासिक प्रतिवेदन

**१) वित्तीय विवरण:**

क) **यस त्रैमासिक अवधिका वासलात, नाफा/नोक्सान सम्बन्धी विवरण:**
यस संस्थाको आ.व २०८१/८२ को तेश्रो त्रैमासिक अवधिको वित्तिय अवस्था सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

ख) **कम्पनी प्रमुख वित्तीय अनुपातहरू:**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी वार्षिक रु. | (२.०६) | तरलता अनुपात (प्रतिशतमा) | ५३.६५ |
| प्रति शेयर नेटवर्थ रू. | ५१.५४ | मूल्य आम्दानी अनुपात | - |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य रु. | २४५.४७ | | |

**२) व्यवसायीक विश्लेषण:**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बधी विवरण:**
विद्युत प्राधिकरणको ३३ KV को प्रशारण लाईनमा आएको समस्याको कारण यस आ.व.को श्रावण देखि असोजसम्म पूर्ण क्षमतामा सञ्चालन गर्न नपाएको हुँदा संस्थाको विद्युत विक्री आम्दानीमा केहि गिरावट आएको थियो भने यस चालु अवधिमा भने पुरानै लयमा विद्युत उत्पादन तथा प्रशारण सुरु भई सकेको छ । संस्थाको मौज्दात स्थिर देखिएको छ । यस चालु अवधिको बैंकको व्याज रकम रु ८०,३८,१०६.४७/- बैंकद्वारा बैशाख महिनामा मात्र डेबिट गरिएको कारण तरलता अनुपातमा भने केहि वृद्धी भएको देखिएको छ ।

ख) **व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
कम्पनीद्वारा सञ्चालनमा रहेको अप्पर स्याङ्गे हाईड्रोपावर आयोजना-२४०० कि.वा. को समिक्षा अवधिमा व्यावसायिक उत्पादन भईरहेको छ । साथै, कम्पनीले गोर्खा स्थित दोभान खोला २४.५ मे.वा. जलविद्युत आयोजनामा समेत सम्भाव्यता अध्ययन सम्पन्न भई नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता (पी.पी.ए.) समेत मिति २०८०/०३/०७ मा सम्पन्न भईसकेको छ । संस्थाले सोहि परियोजनाको उत्पादन अनुमतिपत्र विद्युत विकास विभागबाट मिति २०८०/१२/०५ मा प्राप्त गरिसकेको छ । सो उत्पादन अनुमतिपत्र यस संस्था समेत प्रमूख प्रवर्द्धकको रूपमा रहने गरि दोभान खोला हाईड्रोपावर लिमिटेडमा हस्तान्तरणको प्रकृयामा रहेको छ । साथै, सम्पूर्ण शेयरधनीहरूको हितमा कार्य गर्दै कम्पनीको व्यवस्थापन उपयुक्त र आवश्यकता बमोजिम कम्पनीलाई अगाडी बढाउन प्रतिवद्द रहेको छ ।

**३) कानुनी कारवाही सम्बन्धी विवरण:**

क) **संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।**

ख) **कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध, फौजदारी अभियोग गरेको सम्वन्धमा कुनै मुद्दा दायर नभएको ।**

**४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

क) **यस संस्थाको शेयर मूल्य धितोपत्र बजारको नीति नियम अनुसार खुला बजारले निर्धारण गर्ने गरेको र सोही अनुसार नै कारोबार हुने गरेको छ ।**

ख) **समीक्षा अवधिमा कम्पनीको शेयर धितोपत्र को कारोवार निम्न बमोजिम रहेको छ ।**

| | | | |
|---|---|---|---|
| शेयरको अधिकतम मूल्य रू. | ८८६ | शेयरको न्यूनतम मूल्य रु | ७०० |
| अन्तिम मूल्य रू. | ७००.०९ | कारोबार भएको कुल दिन | ५६ |
| कारोबार संख्या | ४,८९१ | कारोबार भएको शेयर संख्या | २,८२,११२ |

**५) समस्या तथा चुनौती**
कम्पनीद्वारा सञ्चालनमा रहेको आयोजनाको व्यावसायिक उत्पादन सुरू भईसके तापनि उत्पादनको क्रममा मौसमको अनुकुलता वा प्रतिकुलताले नदिको वहावमा आउन सक्ने उतार चढावले बिद्युत उत्पादनको परिमाणमा असर पार्न सक्नेछ । यस आयोजनाद्वारा उत्पादित विद्युतलाई टारिकुना सब-स्टेसन (खुदीहब) निर्माण सम्पन्न नहुँदासम्म बर्षायाममा पूर्ण क्षमतामा विद्युत प्रशारण गर्न अस्थायी प्रवृद्दीको समस्या देखिएको छ । साथै, यस संस्था विद्युत उत्पादनका क्रममा आईपर्न सक्ने प्राविधिक तथा अन्य समस्याहरु समाधान गर्न निरन्तर रूपमा अग्रसर रहेको छ ।

**६) संस्थागत सुशासन**
प्रचलित कानुन बमोजिम प्रकृया अवलम्बन गरि संस्थागत सुशासन कायम गरिएको छ ।

**७) सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सु-सूचित गर्न तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएका छैनन् ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## आशा देखाउन नसकिएको कार्यक्रम

**सरकारले हरेक वर्ष बजेट ल्याउनुअघि नीति तथा कार्यक्रम ल्याउँछ । नीति तथा कार्यक्रम बजेटको जगजस्तै हो । यसैबाट सरकारले आगामी बजेट कस्तो ल्याउँदै छ भन्ने अनुमान गर्न सकिन्छ । बजेट अंक हो भने नीति तथा कार्यक्रम कार्ययोजना । तर यसपटक झण्डै दुईतिहाइको सरकारले जनतामा आशा जगाउने खालको नीति तथा कार्यक्रम ल्याउन सकेन । राष्ट्रपति रामचन्द्र पौडेलले पौने एक घण्टा लगाएर पढेको यो दस्तावेजलाई दलबलसहित उपस्थित सत्तारुढ दलका सांसदहरूले एकपटक पनि टेबल ठोकेनन् । पहिलेपहिलेका नीति तथा कार्यक्रममा सांसदहरूले टेबल ठोक्थे ।**

**टेबल ठोक्नुको कारण हो कार्यक्रम मन परेर । सरकारको नीति तथा कार्यक्रम आएपछि विषय विज्ञहरूले प्रतिक्रिया दिने गर्छन् । यसपटक कसैले पनि सकारात्मक प्रतिक्रिया दिएको देखिएन न त आलोचना नै । सरसर्ती हेर्दा यो नीति कार्यक्रम भूकम्पबाट चर्किएर भत्किन लागेको घरलाई रेट्रोफिट गरी जोगाउन लागेको जस्तोमात्र देखिन्छ । देशले झेलिरहेकाको विभिन्न समस्या समाधान गर्ने गरी बिग्रँदो आर्थिक अवस्था, रोजगारी र परराष्ट्र सम्बन्धलाई सुधार गर्ने भन्दै कार्यक्रमहरू पेस गरेको छ । ५५ पृष्ठमा समेटिएको १५५ बुँदे नीति तथा कार्यक्रममा बैंक तथा वित्तीय संस्थाहरूसँग भएको खराब कर्जा व्यवस्थापन गर्न कम्पनी खोल्ने भनिएको छ ।**

**यसअघिदेखि नै अघि सारेको डिजिटलमैत्री नारा पनि यो कार्यक्रममा समावेश गरिएको छ । बजेट अधिवेशनबाटै नौ वटा कानुन बनाउने घोषणा गरेको छ । यी कार्यक्रमहरू हेर्दा सरकार निकै दबाबमा भएझैं देखिन्छ ।**

**त्यसो त सरकारले जेन–जी पुस्तालाई विशेष प्राथमिकतामा राखेर स्टार्टअप कार्यक्रम ल्याउने भनेको छ । नेपालमा स्टार्टअप कार्यक्रम हेर्ने हो भने अधिकांश असफल छन् । कारण अध्ययन अनुसन्धानविनाको लगानी र फस्टमनीको आशा । सरकारले नीति तथा कार्यक्रम गहन अनुसन्धान गरी ल्याउनुपर्ने हो । तर हचुवाको भरमा कार्यक्रमहरू ल्याउँदा अधिकांश कार्यक्रमले हावा खाएको देखिन्छ ।**

**हुन त यो नीति तथा कार्यक्रममा नयाँ कार्यक्रमहरू खासै छैनन् । यसको मुख्य कारण राखिएका नयाँ कार्यक्रमहरूको असफलताले होला । तर पनि लामो अध्ययन र अनुसन्धानपछि सफल भएका कार्यक्रमहरू राख्नुपर्छ । यसका लागि राज्यले अनुसन्धानमा लगानी गरोस् र आशा जगाउने खालका कार्यक्रमहरू ल्याओस् । नीति तथा कार्यक्रममा देखिएका खाल्डाहरू बजेटमार्फत पुरिने आशा गरौं ।**

श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै–कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# 'एनडिसी तेस्रो': जलवायु मुद्दामा नेपालको प्राथमिकता



■ सबिन शर्मा

नेपाल विश्वको कूल हरितगृह ग्यास उत्सर्जनमा ०.१ प्रतिशतभन्दा पनि कम योगदान गर्ने मुलुक हो । आज जलवायु संकटको विश्वव्यापी बहसमा 'नेट–शून्य उत्सर्जन' को नारा लिएर नेपाल उभिएको छ । यति थोरै योगदान भएको मुलुकले आफ्नो भविष्य, अस्तित्व र विकासको बाटोमा यो संकटबाट सुरक्षित राख्न नीतिगत प्रयास गर्नु राम्रो विषय हो । तर, यो प्रयासका लागि करिब ८९ अर्ब डलरको लागतमा 'उत्सर्जन न्यूनीकरण' योजना बन्छ र 'जलवायु अनुकूलन' तथा 'क्षति–नोक्सानी'लाई मात्र १० देखि १२ अर्ब अर्थात् आठ भागजति बजेट छुटयाउने योजना रहेको देखिन्छ । यो विषय हामीमा प्रश्न उठ्छ, के नेपालको प्राथमिकता जलवायु न्यायअनुरूप छ त ? अझै प्रश्न उठ्छ के त्यो पनि अन्तर्राष्ट्रिय दबाब र वित्तीय सहायताको परिप्रेक्ष्यमा परिभाषित भइरहेको त छैन ?

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका (प्रारूप) महासन्धि (युएनएफसिसिसी)को पक्ष राष्ट्रहरूको २१औं सम्मेलनअन्तर्गत पेरिस सम्झौताले विश्वको औसत तापक्रम वृद्धि १.५ डिग्री सेल्सियसमा सीमित राख्ने र दुई डिग्री सेल्सिएसभन्दा बढ्न नदिने लक्ष्य राखेको छ । यो लक्ष्य प्राप्त गर्नका लागि पेरिस सम्झौताको पक्ष राष्ट्रहरूले प्रत्येक पाँच वर्षमा राष्ट्रिय निर्धारित योगदान (एनडिसी) पेस गर्नुपर्ने प्रावधान रहेको छ । साथै, पेरिस सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न यस सम्झौताको धारा १३ ले एक परिस्कृत पारदर्शिता खाका स्थापना गरेको छ । नेपालले सन् २०१६ र २०२० मा पहिलो र दोस्रो राष्ट्रिय निर्धारित योगदान तयार गरी युएनएफसिसिसीको सचिवालयमा पेस गरेको थियो । सन् २०२५ भित्र तेस्रो एनडिसी पेस गरी परिस्कृत पारदर्शिता खाको अंगिकार गर्नुपर्ने प्रावधानलाई मध्यनजर गर्दै नेपालले हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्न जलवायु अनुकूलनसम्बन्धी परिमाणात्मक र नीतिगत लक्षहरू आवधिकरूपमा परिमार्जन गरी तेस्रो एनडिसी तयार पारेको हो ।

तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी तेस्रो) हेर्दा नेपालको प्राथमिकतामा कार्बन उत्सर्जन न्यूनीकरणलाई प्राथमिकतामा राखेको देखिन्छ । ४० पृष्ठको कार्ययोजनामध्ये २२ पृष्ठ 'मिटिगेसन'मा नै केन्द्रित देखिन्छ । जबकि अनुकूलन कार्ययोजनाका लागि जम्मा पाँच पृष्ठमा समेटिएको छ । साथै क्षति र नोक्सानीलाई मात्र दुई पृष्ठ छुटयाइएको छ । यस्तो असन्तुलनले नेपालको प्रतिबद्धतामा जलवायु संकटको वास्तविकता र प्राथमिकताको गहिरो विरोधाभास देखाउँछ । नेपाल विश्वका १०औं सबैभन्दा जलवायु संवेदनशील देशहरूमध्ये पर्दछ । हरेक वर्ष बाढी, पहिरो, डढेलो, असिनापात, चरम सुक्खा र असामान्य मौसमी घटनाबाट जनधनको ठूलो क्षति भोगिरहेको छ । हामी जिउँदो संकटको भोगाइमा भएकाले जलवायु अनुकूलन र क्षति–नोक्सानी न्यूनीकरणभन्दा पनि तत्कालीन आवश्यकता हुन् ।

सरकारले तयार पारेको एनडिसी हेर्दा 'भोगाइ' भन्दा 'देखाइ' लाई प्राथमिकता दिइएको देखिन्छ । तेस्रो एनडिसीको रणनीति हेर्दा नेपाल 'जलवायु हिरो' बन्ने दौडमा सहभागी भएको छ, तर आफ्ना नागरिकहरूको जीवन र जीविकाको सुरक्षा गर्ने दौडमा भने पछि परेको स्पष्ट छ । सरकारले जनताको जीवन र जीविकाभन्दा पनि विश्वसामु आफूले कार्बन उत्सर्जनमा गरेको न्यून योगदान शून्यमा झार्ने रणनीतिलाई प्राथमिकतामा राखेको छ । आफ्नो मुलुकका जनताको हितमा काम गर्नेभन्दा पनि नगरेको दोषको रोकथाममा बढी कार्ययोजना बन्नुले यसलाई महत्त्वाकांक्षी मान्न सकिन्छ ।

> एनडिसी कार्यान्वयनमा स्थानीयताको अभाव स्पष्ट देख्न सकिन्छ । सबै प्रदेशमा एउटै रणनीति लागू गर्ने प्रवृत्तिले स्थान विशेषका आवश्यकतालाई बेवास्ता गर्ने खतरा छ । जस्तैः कर्णाली र सुदूरपश्चिममा पहुँच, विपद् जोखिम र गरिबीको स्वरूप फरक छ । त्यहाँको जलवायु नीति पनि त्यसैअनुसार हुनुपर्ने हो । समावेशी सहभागिता बोल्नभन्दा पनि कार्यान्वयनमा चुनौती देखिन्छ

> नेपालले एनडिसी तेस्रोलाई जलवायु न्यायको वास्तविक दस्तावेज बनाउने हो भने आवश्यक सुधार कार्यक्रम ल्याउनु आवश्यक छ । अनुकूलन, न्यूनीकरण र हानि नोक्सानीबीच समानुपातिक प्राथमिकता निर्धारण गर्नुपर्दछ । यस्तै जलवायु वित्तीय योजना पारदर्शी, समावेशी र नतिजामुखी बनाउन सरकारले पहल गर्नुपर्दछ । स्थानीय सरकार र समुदायलाई क्षमता अभिवृद्धि र बजेट स्वामित्व दिने काम हुनुपर्दछ । संघीयता कार्यान्वयनका लागि पनि यो अत्यावश्यक छ ।

एकातिर विकसित मुलुकहरूले विकासोन्मुख राष्ट्रहरूलाई सधैं हरित अर्थतन्त्रको सल्लाह दिइरहन्छन् । अर्कोतर्फ, उनीहरू आफ्नै उत्सर्जन घटाउने प्रतिबद्धतामा पछि परेका छन् । अमेरिका, युरोपेली युनियन र चीन जस्ता मुलुकहरूले आजसम्म विश्वको करिब ७० प्रतिशतसम्म उत्सर्जन गरेका छन्, तर जलवायु वित्तको क्षेत्रमा उनीहरूको योगदान अपेक्षाकृत न्यून छ । सबैभन्दा बढी उत्सर्जनमा योगदान गरेका मुलुकहरूले त्यसलाई रोकथाम गर्ने विषयमा कार्ययोजना बनाउन नसकेको अवस्थामा नेपालले भने सबैभन्दा पहिला हुने नाममा जीवन र जीविकाको सुरक्षा गर्ने अनुकूलनका कार्यक्रमलाई न्यून प्राथमिकतामा राखेको छ । नेपालमा उत्पन्न भएको जलवायुजन्य जोखिमहरूका रूपमा थामेको बाढी, मनाङ, मुस्ताङको बाढीपहिरो, गत वर्ष असोजमा गएको बाढीपहिरोका घटनालाई लिनुपर्ने हुन्छ । यी र यस्ता घटनाको अनुसन्धान गरी जोखिम न्यूनीकरणभन्दा पनि अनुकूलनका कार्यक्रमलाई प्राथमिकतामा राखेर तत्काल कार्यान्वयनमा जानुपर्ने स्थिति रहेको छ ।

विकसित मुलुकहरूले तय गरेका नीतिहरू चाहे त्यो पेरिस सम्झौताको 'भोलन्टरी' एनडिसी होस् वा ग्रिन क्लाइमेट फण्डको मोडालिटी, प्रायः विश्वका राष्ट्रहरूका लागि नीतिगत साँचो बनिरहेका छन् । तर जब त्यही मोडेल विकासोन्मुख राष्ट्रमा 'कपी पेस्ट' गरिन्छ, तब त्यो असमान शक्ति संरचना र स्रोतको सन्दर्भमा न्यायोचित हुँदैन । नेपालको तेस्रो एनडिसीमा उत्सर्जन न्यूनीकरणमा गरिएको ठूलो लगानीको कारण प्रस्ट हुन्छ कि यो एकातिर अन्तर ाष्ट्रिय फण्डको आकर्षण हो भने अर्कोतर्फ विश्व मञ्चमा नेपालको 'हरित' प्रतिबद्धता देखाउने प्रयास हो । सरकारले आयोजना गर्न लागेको सगरमाथा संवादभन्दा अगाडि नै तेस्रो एनडिसी पेस गर्ने तयारी गरेको छ । यसमा पर्याप्त छलफल आवश्यक छ । अझ यसमा धेरै बहस चलाइनुपर्दछ । नेपालको अवश्यकताको विषयलाई प्राथमिकतामा राखिने व्यवस्था मिलाउनु आवश्यक छ ।

नेपालका लागि अनुकूलन रणनीति कुनै वैकल्पिक नभई अस्तित्वको आवश्यकता हो । एनडिसी तेस्रोमा प्रस्तुत गरिएको अनुकूलन योजना व्यापक जस्तो देखिए पनि त्यसमा स्पष्टता, गम्भीरता र लगानीको अभाव प्रस्ट देखिन्छ । दस्तावेजमा उल्लेख भएजस्तै, कृषिमा जलवायु स्मार्ट प्रविधिको प्रयोग, वन व्यवस्थापनमा सामुदायिक सहभागिता, सहरी क्षेत्रको हरियालीकरण जस्ता उपायहरू आवश्यक छन् । तर यिनीहरूलाई कार्यान्वयन गर्न न त पर्याप्त स्रोत विनियोजन गरिएको छ, न त तिनको आन्तरिक समन्वय स्पष्ट छ । जलवायु असर सबैभन्दा बढी विपन्न, महिला, जनजाति, साना किसान, आदिवासी र अपांगता भएका समुदायहरूमा पर्ने गर्दछ । तर त्यही वर्गका लागि लक्षित कार्यक्रमहरू अनिश्चित र छरिएका छन् । यस्तो बेला 'जलवायु न्याय' व्यवहारमा नभई केवल भाषणको मुद्दा बन्न पुग्छ ।

अनुकूलन र न्यूनीकरण परस्पर विरोधी रणनीति होइनन् । तर नेपालले एनडिसी तेस्रोमा न्यूनीकरणलाई अतिरञ्जित प्राथमिकता दिएर नीतिगत सन्तुलन गुमाएको देखिन्छ । सन् २०३० भित्र ५० प्रतिशत नवीकरणीय ऊर्जा, २५ प्रतिशत विद्युतीय सवारीसाधन, १५ प्रतिशत हरित भवन निर्माणजस्ता लक्ष्यहरू महत्त्वाकांक्षी छन् । तर जब यी लक्ष्यहरू हासिल गर्न ८० प्रतिशतभन्दा बढी बजेट छुटयाइन्छ, अनि जलवायु विपद्को तत्कालीन असरसँग लड्ने उपायहरू पछि परेका छन् । यसै कारण यो नीतिगत कार्ययोजना नै कमजोर हो भन्ने पुष्टि गर्दछ । नेपालजस्ता मुलुकका लागि जलवायु योजना प्रतिकात्मक अनुपालन मात्रमा सीमित नभई अस्तित्व उन्मुख हुनुपर्छ ।

### जलवायु नेतृत्व कि अभिनय ?

नेपालले हालैका वर्षहरूमा जलवायु सम्मेलनहरूमा सक्रिय उपस्थिति देखाएको छ । ग्लासगोमा प्रधानमन्त्रीको भाषणदेखि लिएर अजरबैजानसम्मको प्रतिनिधिमण्डलमा उपस्थिति उल्लेखनीय थियो । तर त्यस्तो उपस्थितिले जब राष्ट्रिय नीतिमा मेल खान्न, तब त्यो 'अभिनय' को झल्को दिन थाल्छ । हरेक वर्ष वार्षिक भ्रमणमा निस्कने सरकारी प्रतिनिधिमण्डलले बढी प्रभावित भएको मुलुकको हैसियतमा नेतृत्व गरेर अगाडि बढ्न सकिरहेको छैन । सरकारले असम्बन्धित व्यक्तिहरूलाई भ्रमण गराउने कार्यक्रममा मात्रै सीमित भएको सम्मेलनहरूलाई फलदायी बनाउने र आफ्ना एजेण्डाहरूलाई विश्वका लिडरहरूको सामु निडर भएर राख्न सक्ने हुनु आवश्यक छ । हानि, नोक्सानी र क्षतिको व्यवस्थाका लागि मुलुकभित्र नै नीतिगत सुधार गरी अध्ययन अनुसन्धान गरिनुपर्नेमा सरकारले त्यसतर्फ कुनै चासो देखाएको छैन । वन तथा वातावरण मन्त्रालयका मन्त्री, सचिव, सहसचिवहरू विदेश भ्रमणमा मात्रै केन्द्रित हुने तर उपलब्धि शून्य हुने परिस्थिति रहेको छ । यो विगतदेखि नै चलिआएको चलन जस्तो भएको छ । हामीले यसलाई सुधार गरेर अगाडि बढ्नु आवश्यक छ । हामीले विश्वमा जलवायु जोखिम भएका मुलुकहरूको नेतृत्व गर्नेगरी अगाडि बढ्नु आवश्यक छ । अहिलेसम्म सरकारका तर्फबाट अभिनयमात्र भइरहेको छ ।

'नेट शून्य उत्सर्जन' को लक्ष्य राम्रो छ, तर के त्यो उपलब्धि उन्मुख छ ? वा त्यो पनि 'अनुदान–उन्मुख' ? नेपालले यदि नेतृत्व दिन खोजेको हो भने त्यो व्यवहारमा देखिनुपर्छ । उदाहरणका रूपमा स्थानीय सरकारहरूलाई जलवायु नीति निर्माणमा अधिकार दिइएको छ वा छैन ? भन्ने विषयमा सोच्नुपर्दछ । स्थानीय सरकारले आफू अनुकूलको जलवायु नीति निर्माण गर्ने अधिकारभन्दा पनि संघीय नीतिलाई नै अवलम्बन गर्नुपर्ने बाध्यता रहेको छ । अनुकूलन बजेट विपद्को जोखिमका आधारमा विभाजन गरिएको छ कि छैन ? भन्ने विषयलाई विशेष ख्याल राख्नुपर्दछ । हामीकहाँ मनसुनजन्य विपद्सँगै जलवायुजन्य जोखिम बढिरहेको छ । गत वर्षको असोजमा गएको बाढीपहिरोले ठूलो जनधनका क्षति पुगेको थियो । यसलाई कम गर्नेतर्फ स्थानीय सरकारलाई अधिकार प्रत्यायोजन गरी अनुकूलन बजेट प्रदान गरिनुपर्दछ । हानि तथा नोक्सानी कोषमा पहुँच सहज र पारदर्शी छ कि छैन ? भन्ने प्रश्नको उत्तर अस्पष्ट हुन्छ, तब सन्देशभन्दा बढी संकल्प आवश्यक देखिन्छ ।

एनडिसी तेस्रोको समावेशी प्रयासः आशा र चुनौतीबीच नेपालले जलवायु परिवर्तनसँग जुध्नका लागि यो एउटा रणनीतिक दस्तावेज हो जसमा उत्सर्जन न्यूनीकरण, जलवायु अनुकूलन, वित्तीय तथा संस्थागत प्रबन्धको खाका प्रस्तुत गरिन्छ । तर एनडिसी तेस्रोको चर्चा केवल कार्बन कटौतीमा सीमित छैन । यसले समावेशीता, सामाजिक न्याय र दिगो विकासलाई पनि केन्द्रीय बिन्दु बनाउने संकेत दिएको छ ।

एनडिसी तेस्रोले महिला, युवा, दलित, जनजाति र विपन्न समुदायको सशक्तीकरणलाई प्राथमिकतामा राखेको छ । योजनाको निर्माण र अनुगमन प्रक्रियामा उनीहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने लक्ष्य राखिएको छ । जलवायु कार्यक्रमहरू सामुदायिकस्तरमै कार्यान्वयन गर्नुपर्ने स्पष्ट मान्यता दिइएको छ, जुन सैद्धान्तिकरूपमा जलवायु न्यायसँग मेल खान्छ । यसले जलवायु शिक्षालाई औपचारिक प्रणालीमा समावेश गर्ने प्रयास गरेको देखिन्छ । तर यसका लागि कार्ययोजना भने स्पष्ट रूपमा उल्लेख गरिएको छैन । विद्यालय तहदेखि नै जलवायु परिवर्तनसम्बन्धी शिक्षा समावेश गर्ने नीति राखिएको छ । वातावरणीय साक्षरता बढाउन पाठ्यक्रम, शिक्षक तालिम र शैक्षिक सामग्री विकास गरिने भनिए पनि यसको प्रत्युत्पादन कस्तो हुने भन्ने स्पष्ट बनाउनु आवश्यक छ । यसले दीर्घकालमा सचेत नागरिक निर्माणमा योगदान गर्ने छ ।

ग्रामीण युवालाई लक्षित गर्दै हरित स्टार्टअप, बायो–फेर्टिलाइजर, सौर्य ऊर्जा, रिसाइकल उद्योग, पर्या–पर्यटनलगायतका क्षेत्रमा लगानी गर्ने नीति बनाइएको छ । निजी क्षेत्रलाई जलवायु स्मार्ट कृषि र नवीकरणीय ऊर्जा क्षेत्रमा आकर्षित गर्न कर छुट तथा वित्तीय प्रोत्साहनका कुरा गरिएका छन् । यसका लागि जलवायु न्यायप्रतिको नीतिगत स्वीकृति आवश्यक पर्दछ । जलवायु परिवर्तनको असर सबैलाई एउटै हुन्छ भन्ने दृष्टिकोणलाई अस्वीकार गर्दै एनडिसी तेस्रोले असमान असरको कुरा उठाएको छ । यो मान्यता नीतिगत तहमा समावेश हुनु आफैंमा सकारात्मक प्रगति हो । तर यी आशाहरू कार्यान्वयनमा भने शंका उत्पन्न हुन्छ । कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट आन्तरिक बजेटको प्राथमिकतामा पर्न सकिरहेको छैन ।

प्रदेश र स्थानीय तहमा कार्यान्वयन गर्ने जिम्मेवारी दिइए पनि त्यसका लागि स्पष्ट योजना, स्रोत र क्षमता विकास नहुँदा नीति 'थप बोझ' बन्ने खतरा छ । उदाहरणका लागि, जलवायु शिक्षा समावेश गर्ने भनिए पनि शिक्षा मन्त्रालय, विद्यालय प्रशासन र शिक्षकबीच तालमेल कसरी कायम गरिने भन्ने विषय स्पष्ट छैन । यसैगरी वित्तीय स्रोतको सीमितता पनि अर्को चुनौती हो । एनडिसी तेस्रोका लक्ष्यहरू पूरा गर्न ठूलो मात्रामा वित्तीय लगानी आवश्यक छ, तर सरकारले आन्तरिक स्रोतको सुनिश्चित नगरेको अवस्थामा अन्तर्राष्ट्रिय सहायता र अनुदानमा मात्र भर पर्ने अवस्था छ । यसले नीति कार्यान्वयनलाई अनिश्चित र अस्थायी बनाउने जोखिम छ ।

यसैगरी एनडिसी कार्यान्वयनमा स्थानीयताको अभाव स्पष्ट देख्न सकिन्छ । सबै प्रदेशमा एउटै रणनीति लागू गर्ने प्रवृत्तिले स्थान विशेषका आवश्यकतालाई बेवास्ता गर्ने खतरा छ । जस्तैः कर्णाली र सुदूरपश्चिममा पहुँच, विपद् जोखिम र गरिबीको स्वरूप फरक छ । त्यहाँको जलवायु नीति पनि त्यसैअनुसार हुनुपर्ने हो । समावेशी सहभागिता बोल्नभन्दा पनि कार्यान्वयनमा चुनौती देखिन्छ । नीतिमा सहभागिता भनिए पनि त्यो कागजी हो कि वास्तविक यो प्रश्न बहसमा नै छ । प्रतिनिधित्वमात्र हैन, निर्णय निर्माणमा प्रभाव पार्ने स्तरमा महिलाहरू, युवाहरू र दलितहरू छन् कि छैनन् नहेरी समावेशीता सुनिश्चित भएको मान्न सकिँदैन ।

### कार्यान्वयनको यथार्थ : वित्त, समन्वय र क्षमता

एनडिसी तेस्रोको प्रभावकारिता तबमात्र खमूल्यांकन गर्न सकिन्छ जब कार्यान्वयन पक्ष बलियो हुन्छ । तर यहाँ पनि केही चुनौतीहरू देख्न सकिन्छ । जलवायु परियोजनाहरूमा ८९ अर्ब डलर खर्चको अनुमान गरिएको छ, तर यो रकम कहाँबाट आउँछ भन्ने अझै अनिश्चित छ । आर्थिक व्यवस्थापनको विषयमा तयारी नगरी अगाडि बढ्न सकिने अवस्था छैन । स्थानीय तहहरूमा योजना निर्माण र कार्यान्वयनका लागि आवश्यक तालिमको अभाव छ । मन्त्रालयहरूबीच समन्वय कमजोर छ । मुलुकमा राजनीतिक अस्थिरताविना दीर्घकालीन योजना सम्भव हुँदैन ।

### विकल्प र सुझाव

सम्भाव्य सुधारका बाटाहरू खोज्नु आवश्यक छ । नेपालले एनडिसी तेस्रोलाई जलवायु न्यायको वास्तविक दस्तावेज बनाउने हो भने आवश्यक सुधार कार्यक्रम ल्याउनु आवश्यक छ । अनुकूलन, न्यूनीकरण र हानि नोक्सानीबीच समानुपातिक प्राथमिकता निर्धारण गर्नुपर्दछ । यस्तै जलवायु वित्तीय योजना पारदर्शी, समावेशी र नतिजामुखी बनाउन सरकारले पहल गर्नुपर्दछ । स्थानीय सरकार र समुदायलाई क्षमता अभिवृद्धि र बजेट स्वामित्व दिने काम हुनुपर्दछ । संघीयता कार्यान्वयनका लागि पनि यो अत्यावश्यक छ । सरकारले अनुदान वा ऋणमा आधारित योजनाभन्दा स्वदेशी स्रोत र हरित नवप्रवर्तनको उपयोगमा जोड दिनुपर्ने हुन्छ । सरकारले सन्देश दिने नभई परिणाम देखाउने व्यवहारमा परिवर्तन विशेषतः नीति कार्यान्वयनमा विशेष ध्यान दिनु आवश्यक छ ।

'हामी पनि जलवायु समाधानको हिस्सा बन्न तयार छौं' भन्ने सन्देश नेपालले आफ्नो एनडिसी तेस्रोमार्फत अन्तर्राष्ट्रिय समुदायलाई दिएको छ । तर यो सन्देश वास्तविकताभन्दा छवि केन्द्रित भयो भने त्यसले जलवायु न्यायलाई कमजोर बनाउँछ । जलवायु संकट केवल एक पर्यावरणीय मुद्दामात्रै होइन । यो त सामाजिक, आर्थिक र राजनीतिक न्यायसँग गाँसिएको मुद्दा हो । नेपालले यदि साँच्चिकै जलवायु नेतृत्व लिन खोजेको हो भने, त्यो नेतृत्व दस्तावेजबाट होइन, व्यवहारबाट प्रमाणित हुनुपर्छ । हामीले अब चुप लाग्ने होइन, आफूभित्र हेर्ने र सन्तुलन मिलाउने समय हो । जलवायु संकट हाम्रो छालामा छ । खोला, गाउँ, खेत, बस्तीमा छ । त्यसलाई गन्ने होइन, बुझ्ने र सामना गर्ने नीति बनाऔं । *रासस*



**परीक्षा दिंदै परीक्षार्थी** | धनुषाको क्षिरेश्वरनाथ नगरपालिका–२ स्थित श्री माध्यमिक विद्यालय कुम्हरौल रमदैया भवाडी परीक्षा केन्द्रमा आइतबार कक्षा १२ को परीक्षा दिंदै परीक्षार्थी ।
*तस्बिर: अमरेन्द्रकुमार यादव/रासस*

सहकारीको बचत अपचलन

# पातालगंगा सहकारीका पूर्वअध्यक्ष खनाल पक्राउ

**झापा–** सहकारी संस्थामा बचत अपचलन गरेको आरोपमा विर्तामोडस्थित पातालगंगा बचत तथा ऋण सहकारी संस्थाका पूर्वअध्यक्ष रेवती खनाल पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायब उपरीक्षक विजय श्रेष्ठले खनाललाई आइतबार धनगढीबाट पक्राउ गरेर झापा ल्याइएको जानकारी दिए । खनाललाई आइतबार नै जिल्ला अदालत झापामा उपस्थित गराइने उनको भनाइ छ ।

खनालले २०७८ भदौ २३ गते आफू, पत्नी, भाइ, बहिनी र मामाससुराका नाममा दुई करोड छ लाख आठ हजार रूपैयाँ ऋण निकालेर फरार भएका थिए। २०७८ कात्तिक १६ गते संस्थाका उपाध्यक्ष टंकप्रसाद भेटवालले खनालविरुद्ध इलाका प्रहरी कार्यालय अनारमनीमा जाहेरी दिएका थिए ।

पातालगंगा सहकारीमा एक हजार ५०० भन्दा बढी सदस्य छन् । सदस्यको बचत हिनामिना गरेर खनाल फरार भएपछि अध्यक्ष चयन भएका युवराज गिरीले निजी घरजग्गा बैंकमा धितो राखेर निकालेको पैसाले बचतकर्ताको रकम फिर्ता भइरहेको बताए ।

झापा जिल्ला अदालतबाट २०७९ मंसिर १४ गते उक्त मुद्दाका पाँच जना आरोपीका नाममा हाजिर हुन आउने म्याद जारी भएको थियो । खनालकी बहिनी विर्तामोड नगरपालिका–२ निवासी गोमा खनाल भण्डारी र मामाससुरा भद्रपुर नगरपालिका–८ निवासी अनन्तजीवन लुइँटेल पक्राउ परेका थिए ।

अदालतको आदेशबमोजिम एक लाख ५० हजार रूपैयाँ धरौटीमा गोमा खनाल भण्डारी र ७५ हजार रूपैयाँ धरौटीमा अनन्तजीवन लुइँटेल तारेखमा छुटेका थिए । अहिले खनालकी पत्नी कमलादेवी भट्टराई र भाइ सीताराम खनालको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

झापामा सहकारीको बचत अपचलन गरेको अभियोगमा पक्राउ परेका अन्य सहकारीका सञ्चालक तथा कर्मचारीविरुद्ध पनि प्रहरीले अनुसन्धान गरिरहेको छ । विर्तामोडमा प्रधान कार्यालय रहेको हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्थाको शिवगञ्जस्थित सेवा केन्द्रका प्रमुख जीवन भुजेललाई तीन करोड ३५ लाख रूपैयाँ हिनामिना गरेको अभियोगमा गत चैतमा प्रहरीले पक्राउ गरेको थियो । भुजेलविरुद्ध सम्बन्धित सहकारीले नै प्रहरीमा जाहेरी दिएको थियो ।

यसैगरी, शिवसताक्षी नगरपालिका–३ स्थित उन्नति बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष सुमन खनाल र व्यवस्थापक मित्रलाल भट्टराई सहकारीको बचत अपचलन गरेको अभियोगमा गत कात्तिकमा पक्राउ परेका थिए ।

अध्यक्ष खनाल र व्यवस्थापक भट्टराईले मिलेमतोमा सहकारीमा सर्वसाधारणले राखेको बचत एक करोड ३९ लाख रूपैयाँ हिनामिना गरेको भनी प्रहरीमा जाहेरी परेको थियो । हाल यो मुद्दा झापा जिल्ला अदालतमा विचाराधीन रहेको छ । *रासस*

# ‘गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सरकार प्रतिबद्ध’



**नेपालगञ्ज (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सहज, सरल र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

उनले सिकलसेल र थालेसिमियाका बिरामीलाई संक्रमक रोगबाट जोगाउन भारत सरकारबाट प्राप्त खोप आइतबार नेपालगञ्जस्थित भेरी अस्पताललाई हस्तान्तरण गर्दै पछिल्लो समयमा नेपालका सबैजसो सरकारी अस्पतालको स्वास्थ्य सेवामा उल्लेखनीय सुधार भइरहेको बताए । मन्त्री पौडेलले भने, ‘अस्पताललाई अझै बढी सुधार गरेर लैजानुपर्ने आवश्यक्ता छ ।’ भेरी अस्पतालबाट मुटु, मिर्गौला प्रत्यारोपण र जलनको उपचारका लागि स्थायी दरबन्दी स्वीकृत गरेर व्यवस्थित गराउन खोजिएको जानकारी दिँदै उनले भेरी विशिष्टीकृत अस्पतालका रूपमा विकास हुन थालेकामा खुसी व्यक्त गरे ।

सरकारी अस्पतालका बारेमा विभिन्न प्रकारका नकारात्मक टिप्पणी सुनिने गरिएको बताउँदै मन्त्री पौडेलले त्यस्ता टिप्पणीरहित सेवा प्रदान गर्न सम्पूर्ण चिकित्सक तथा स्वास्थ्यकर्मीलाई निर्देशन दिए। उनले सरकारले अस्पतालका भौतिक पूर्वाधार र जनशक्ति बढाउने विषयलाई विशेष प्राथमिकतामा राखेको उल्लेख गर्दै सीमित बजेट र साधनस्रोतका कारण चाहेर पनि धेरै काम गर्न सक्ने अवस्था नरहेको बताए ।

उनले स्वास्थ्य बिमालाई व्यवस्थित गरेर सबैलाई निःशुल्क तथा गुणस्तरीय स्वास्थ्य उपचार प्रदान गर्नेतर्फ सरकार गम्भीर भएकामा जोड दिँदै त्यसमा सरोकार भएका र स्वास्थ्यसम्बन्धी निकायको पनि सहयोग आवश्यक पर्ने आवश्यकता औंल्याए । मन्त्री पौडेलले भेरी अस्पतालमा सिकलसेलको छुट्टै उपचार कक्ष सञ्चालन गरिएपछि सहज भएको बताउँदै सो रोगबाट जोगाउन समुदायमा जनचेतना फैलाउन आवश्यक रहेको धारणा व्यक्त गरे ।

स्वास्थ्य मन्त्रालयका सचिव डा विकास देवकोटाले मन्त्रालयले आफ्नो क्षमताअनुसार अस्पतालका माग र आवश्यकता पूरा गर्ने हरसम्भव प्रयास गरिरहेको बताए । अस्पतालका मेडिकल सुपरिटेण्टेण्ट डा. निराजन सुवेदीले पछिल्लो चार महिनामा अस्पतालमा भएका सुधार र उपलब्धिका बारेमा जानकारी दिए । भेरी अस्पताल विकास समितिका अध्यक्ष वीरेन्द्रबहादुर शाहको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा अस्पतालकी वरिष्ठ नर्सिङ प्रशासक आशा पण्डित र अस्पताल विकास समितिका सदस्य डा डक्टप्रसाद धितालले पनि अस्पतालको अवस्थाबारे आ–आफ्नो धारणा राखे ।

मन्त्री पौडेल र स्वास्थ्य मन्त्रालयका सचिव डा. देवकोटोले भारतबाट प्राप्त भएको खोपलाई संयुक्तरूपमा भेरी अस्पतालका प्रमुख डा. निराजन सुवेदी र सिकलसेल एनिमिया सोसाइटी नेपालका महासचिव राजमोहन चौधरीलाई हस्तान्तरण गरे। मन्त्री पौडेलले भेरी अस्पतालमा सञ्चालनमा ल्याइएको जलन उपचार कक्ष र ‘सर्जिकलविङ’को पनि उद्घाटन गरे। भेरी अस्पतालको नयाँ भवनमा सञ्चालनमा आएको छ शयाको जलन उपचार कक्ष र १४ शयाको सर्जिकलविङबाट यस क्षेत्रका अग्निपीडित बिरामीको उपचारमा सघाउ पुग्ने अस्पताल विकास समितिले विश्वास लिएको छ ।

# सञ्चालनमा आयो कान्तिलोकपथ सडक

**बागमती (प्रस)–** हेटौंडा-काठमाडौं जोड्ने कान्तिलोकपथ सडक आइतबार दिउँसोदेखि यातायात सञ्चालन भएको छ ।

मकवानपुरको भीमफेदी गाउँपालिका–८ र ललितपुरको बागमती गाउँपालिका–२ जोड्ने बागमती खोलामा बनाइएको डाइभर्सन वर्षासँगै आएको बाढीले बढाएपछि सडक अवरुद्ध थियो ।

सडक मर्मतसम्भार गरेपछि आइतबार दिउँसो १ बजेदेखि सो सडकमा यातायात सञ्चालन भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्याम् अर्यालले जानकारी दिए । सो सडकमा केही दिनदेखि स्तरोन्नतिको काम भइरहेको छ ।


### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८२/०१/२२**

यस कम्पनीको मिति २०८२/०१/०२ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **हिमालयन प्लेजर ट्रेकिङ प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **हिमालयन प्लेजर ट्राभल्स एण्ड टुर्स प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०१/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **हिमालयन प्लेजर ट्राभल्स एण्ड टुर्स प्रा.लि.** (**प्रा.लि.नं.१२२५५५**) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०१/२२ गते**

श्री मैनाचुली त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह, बबई गा.पा. -१, पातिहाल्न, दाङको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८१/०८२ मा सामुदायिक वनबाट उत्पादन भई बबई गा.पा.- १, पातिहालन चौर, दाङको घाटगद्दीमा राखिएको साल जातको ६६०४.३४ घ.फि., असना जातको ४४६५.९४ घ.फि., जामुन जातको २३७.९० घ.फि., कर्मा जातको ४७.२० घ.फि. र धौटी जातको १२.५१ घ.फि. गरी जम्मा थान १३२६ को ११३६७.८९ घ.फि. काठ साथै साल जातको २५.०० र अन्य जातको २५.०० गरी जम्मा ५०.०० चट्टा दाउरा, साल बल्लाबल्ली थान २०८ को ५४४.६९ घ.फि. र असना जातको बल्लाबल्ली थान ६१ को १८४.०८ घ.फि. गरी जम्मा थान २६९ को ७२८.७७ घ.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशि भएको मितिले २१ औं दिन भित्र खरिद गरी २२ औं दिन भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**मैनाचुली त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह**
**बबई- १, पातिहाल्न, दाङ**

### बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित सूचना मिति २०८२।०१।२२

यस सुनाचुरी सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।०८२ मा कटान भएको गोलिया काठ दाउरा मध्ये साल समेत प्रजातीको गोलिया थान ४९० को ३८०६.६७ क्यू.फि.काठ र साल समेत प्रजातीको दाउरा १० चट्टा बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री सुनाचुरी सामुदायिक वन उपभोक्ता समूह ,मनहरी. ०६, मकवानपुर**

### युएइमा रोजगार

कम्पनी : Mohamed arshad sabir plaster tiles and a/c unit fix cont

पूर्व स्वीकृति मिति : २०८१/04/07 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०१/२१ | LT. No. 307778 | चलानी नं. ६०२२२५०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 4 | 0 | 1200 | ४४,१८० | | | | | | | |
| 3 | Mason (Nepal) | 4 | 0 | 1200 | ४४,१८० | | | | | | | |
| 4 | Plumber | 3 | 0 | 1200 | ४४,१८० | | | | | | | |
| 5 | Steel Fixer (Helper) | 4 | 0 | 1200 | ४४,१८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २९ गते (12th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAMPAANATA OVERSEAS PVT. LTD.
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080

### साउदीमा रोजगार

कम्पनी : Saber commercial vehicle company

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | LT. No. 322805 | चलानी नं. ६०२३६९१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaning An Lubrication Worker | 4 | 0 | 1600 | ४७,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २९ गते (12th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREEN LIGHT OVERSEAS PVT. LTD
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758, +977 985-1358431
Email:info@greenlight.com.np, Web: www.greenlight.com.np
श्रम ईजाजत नं. 1365/074/75

### मलेसियामा रोजगार

कम्पनी : IN-TEAM SECURITY SERVICES SDN. BHD

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | LT. No. 322868 | चलानी नं. ६०२३६९३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 100 | 0 | 1700 | ५४,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २९ गते (12th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Greenland Services Pvt. Ltd. "A Complete Ethical Recruitment Agency"
Basundhara,Kathmandu, Nepal, Tel: +977 1 5916353, Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com
श्रम इजाजत नं. १५९३/०७९/०८०

### बहराइनमा रोजगार

कम्पनी : RED BIRDI LAEIDES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/०१/१९ | LT. No. 322683 | चलानी नं. ६०२३६८९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 150 | ५३,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २९ गते (12th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

अभियोजनकर्ताको कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'ती व्यक्तिको पहिचान नखुलाइएको तर पेरिसको उपनगर एसोनबाट शनिबार राति प्रहरीले छापा मारी उनलाई अपहरणमुक्त गरेको हो ।'

उनलाई बिहीबार मध्यरातमा पेरिसको दक्षिणी १४औं इलाकाबाट अपहरण गरिएको थियो । नाम नबताउने सर्तमा एएफपीसँग कुरा गर्दै एक प्रहरी अधिकारीले स्की मास्क लगाएका चार जनाले उनलाई डेलिभरी भ्यानमा हाली अपहरण गरेको बताएका छन् । अभियोजनकर्ताले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'पीडित व्यक्ति क्रिप्टोकरेन्सीमा पैसा कमाउने व्यक्तिका पिता भएको प्रारम्भिक अनुमान गरिएको छ ।'

अपहरणकारीले ५० लाखदेखि ७० लाख युरो (५७ लाख देखि ७९ लाख अमेरिकी डलर) फिरौती माग गरेको 'ले पेरिसियन' पत्रिकामा समाचार छापिएको थियो । अनुसन्धानमा संलग्न एक स्रोतले एएफपीलाई दिएको जानकारीअनुसार अपहरित व्यक्तिको एउटा औंला काटिएको अवस्थामा भेटिएको छ ।

स्रोतले भन्यो, 'प्रहरीले छापा नमारेको भए उनको अन्य अंगभंग हुने डर थियो ।' 'अपराधीहरूले प्रयोग गरेको हुन सक्ने' गाडी चलाइरहेका संदिग्धलाई हिरासतमा लिएपछि अभियोजकहरूले पक्राउ पर्नेको संख्या चारबाट पाँच पुगेको बताएका छन् र उनीहरू सबै २० बर्षभन्दा माथिका रहेका बताइएको छ ।

फ्रान्सका आन्तरिक मामिलामन्त्री ब्रुनो रिटेललेउले एक्समा एक सन्देश जारी गर्दै ती व्यक्तिलाई मुक्त गर्न प्रहरीले चलाएको 'निर्णायक' अभियानको प्रशंसा गरेका छन् । माल्टाको एक क्रिप्टो मार्केटिङ फर्मका मालिक उनका पति र धनाढ्य छोरालाई विगतमा धम्कीको निशाना बनाइएको पीडितकी श्रीमतीले अनुसन्धानकर्तासँग बताएकी छन् ।

जनवरी २१ मा एक फ्रान्सेली क्रिप्टो मालिक र उनको साथीको अपहरणपछि भएको यो पछिल्लो अपहरणको घटना हो । पीडित डेभिड बाल्याण्डले क्रिप्टो फर्म लेजरको सहस्थापना गरेका थिए भने यसको मूल्य एक अर्ब डलरभन्दा बढी थियो ।

अपहरणकारीहरूले बाल्याण्डको औंला काटिदिएका र मोटो फिरौतीको माग गरेका बुझिएको छ । अपहरित व्यक्ति बाल्याण्डकी प्रेमिका पेरिसको एसोनको उपनगरमा कारको सामान राख्ने ठाउँमा बाँधिएको अवस्थामा फेला परेको थियो। उक्त घटनामा नौ जना शंकास्पद व्यक्तिहरू आपराधिक अनुसन्धानको दायरामा छन्, जसमा यसअघि पनि प्रहरीकोमा अपहरणको मुद्दा परेका २६ वर्षीय कुख्यात संदिग्ध पनि समावेश छन् ।

यसअघि जनवरीमा पनि ५६ वर्षीय एक व्यक्ति म्यान्स शहर नजिकै कारको बुट (सामान राख्ने ठाउँ)मा भेटिनुभएको थियो । उन दुबईबाट सञ्चालित एक क्रिप्टो-इन्फ्लुएन्सरका पिता हुनुहुन्थ्यो जसले आफ्नो मुनाफाबारे अनलाइनमा घमण्ड गरेपछि अपहरण गरिएको र पछि फिरौतीको पनि माग गरिएको थियो । *रासस⁄एएफपी*

# इजरायली विमानस्थलमा यमनी क्षेप्यास्त्र प्रहार

**तेल अभिभ–** यमनबाट प्रक्षेपण गरिएको क्षेप्यास्त्र आइतबार इजरायलको मुख्य अन्तर्राष्ट्रिय विमानस्थल नजिकै खसेको इजरायली अधिकारीहरूले बताएका छन् । यमनी हुथी विद्रोहीले शृंखलाबद्ध रूपमा इजरायली भूमिलाई लक्षित गरी आक्रमण हुने गरेका भए पनि पछिल्लो यो क्षेप्यास्त्र आक्रमणको जिम्मेवारी तत्काल कसैले लिएको छैन ।

तेलअभिभबाहिर बेन गुरियन अन्तर्राष्ट्रिय विमानस्थल नजिकै क्षेप्यास्त्र प्रहार भएको सेनाले बताएको छ । यमनको क्षेप्यास्त्र वा इन्टरसेप्टरका कारण उक्त आक्रमण भएको भन्नेबारे तत्काल स्पष्ट हुन सकेको छैन ।

प्रहरीका केन्द्रीय जिल्ला प्रमुख याइर हेज्रोनीले घटनास्थलमा प्रहरीले जारी गरेको एक भिडियोमा भनेका छन्, 'तपाईंले हाम्रो ठीक पछाडिको क्षेत्र देख्न सक्नुहुन्छः यहाँ धेरै चौडा र कैयाँ मिटर मिटर गहिरो खाडल बनेको छ ।'

प्रहरी फुटेजमा अधिकारीहरू बगैँचामा रहेको खाल्डोको किनारामा उभिरहेको र टाढाबाट विमानस्थलको कन्ट्रोल टावर देखिन्छ । एएफपीका एक पत्रकारले जेरुसेलम र विमानस्थलमा भएको विस्फोटको आवाज सुनेको पुष्टि गरेका छन् ।

क्षेप्यास्त्र प्रहारका कारण अवरुद्ध भएको केही समयपछि बेन गुरिओनमा विमानको आवागमन पुनः सुरु भएको इजरायली विमानस्थल प्राधिकरणले जनाएको छ । उड्डयन प्राधिकरणले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'अहिले विमानस्थल खुला गरी र आवागमन भइसकेको छ,' इजरायली रक्षामन्त्री इजराइल काट्जले घटनाको पुष्टि गर्दै बदला लिने चेतावनी दिँदै भनेका छन्, 'जसले हामीलाई प्रहार गर्छ, हामी उसलाई सात गुणा कडा प्रहार गर्नेछौं ।' *रासस⁄एएफपी*


## युएइमा रोजगार

कम्पनी : Ontime Manpower Supply

पूर्व स्वीकृति मिति : २०८२/०१/२० | LT. No. 322831 | चलानी नं. ६०२३६९३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 100 | 0 | 800 | २९,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २९ गते (12th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 615/063/64

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)

Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com



## ओमन/साउदीमा रोजगार

कम्पनी : EITHAR AL-IKHWA PROJECTS

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | चलानी नं. ६०२३६८७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AIRCONDITION MECHANIC | 1 | 0 | 180 | ६३,२६७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SPECIALIZED SERVICE COMPANY INDUSTRIAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/२० | LT. No. 322960 | चलानी नं. ६०२३६८७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 12 | 0 | 1200 | ४३,२७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २९ गते (12th may 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९७५/०६७/०६८

OCTOPUS RECRUITMENT PVT.LTD

Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655, Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com



## कतारमा रोजगार

कम्पनी : QATAR CLEANING COMPANY W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/११/२७ | पूर्व स्वीकृति मिति : २०८२/०१/१९ | LT. No. 320168 | चलानी नं. ६०२३४३०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SERVICE AGENT | 50 | 0 | 1000 | ३७,०५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने मिति र स्थान : २०८२ वैशाख २३ गते (06.05.2025 = SUNSARI MULTIPLE TRAINING CENTER, ITAHARI) २०८२ वैशाख २४ गते (07.05.2025 = RED CARPET HOTEL,CHITWAN) २०८२ वैशाख २५ गते (08.05.2025 = VARSHA,OFFICE,KATHMANDU) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## साउदीमा रोजगार

कम्पनी : Modon Al Arabia Contracting Est Company

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | LT. No. 322984 | चलानी नं. ६०२३६८९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६४,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Load & Unloading Workers | 15 | 0 | 1000 | ३६,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २९ र ३० गते (12 & 13 May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1096/073/74

YATRA H.R. SOLUTION PVT.LTD.

Old Baneshwor-09, Kathmandu, Nepal, T: +977-1-4114682, +977-1-4114683, 9851046305

Email:- info@yatrahrsolution.com, yatrahr2017@gmail.com, Web: www.yatrahrsolution.com



## साउदीमा रोजगार

कम्पनी : ABDULLAH A AL BARRAK & SONS CO

पूर्व स्वीकृति मिति : २०८२/०१/२० | LT. No. 322951 | चलानी नं. ६०२३६८७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 25 | 0 | 1000 | ३६,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २९ गते (12th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | १०,००० | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

YUSHO GLOBAL PVT. LTD. श्रम इजाजत नं. ११८२/०७३/७४

Pinglasthan-9, Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## कुवेतमा रोजगार

कम्पनी : Pinar Touch Ladies Beauty Salon Co.

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | LT. No. 322847 | चलानी नं. ६०२३६९४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST/PEDICURIST | 0 | 4 | 150 | ६६,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २९ गते (12th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

Govt. License No. 1352/074/075



## मलेसियामा रोजगार

कम्पनी : GUNMA GUARDFORCE DS SENDIRIAN BERHAD

पूर्व स्वीकृति मिति : २०८२/०१/२१ | LT. No. 322863 | चलानी नं. ६०२३६९४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 50 | 0 | 1700 | ५४,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख २९ गते (12th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1284/074/75

S.N. Recruiting Service Pvt Ltd

Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com



## साउदीमा रोजगार

कम्पनी : ALJERI TRANSPORTATION COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०१/०५ | LT. No. 322178 | चलानी नं. ६०२३६९६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Duty Driver (Truck) | 12 | 0 | 1800 | ६४,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Trisha Traning Center, Janakpur-ward no14 मा मिति: २०८२ वैशाख २९ गते (12th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYWAYS BUREAU SERVICES PVT.LTD.

Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102

E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com

Govt. License No. 871/066/67



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। बीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – १८४१०० | प्रति तोला – ० | प्रति तोला – १९१० |

## सेती नदीमा निर्माणाधीन 'सिग्नेचर' पुलको काम सुस्त



**गण्डकी–** तीनवर्षे ठेक्का अवधि सकिन चार महिना बाँकी रहँदा पोखराको सेती नदीमा निर्माणाधीन 'सिग्नेचर' पुलको भौतिक प्रगति जम्मा ४४.६६ प्रशित पुगेको छ। पोखरा-मुग्लिन सडकमा पर्ने उक्त पुलको ठेक्का अवधि आगामी भदौमा सकिँदै छ। २०७९ साउनमा निर्माण कम्पनी रसुवा कन्स्ट्रक्सनले पुल निर्माणको जिम्मा लिएको थियो।

पोखरा-मुग्लिन सडक आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने)का प्रमुख कृष्णबहादुर कुँवरले पुल बन्न अझै एक वर्ष लाग्ने बताए। 'मापदण्डभित्रका संरचना हटाउन खोज्दा अवरोध आएकाले सुरुको चरणमा निर्माणले गति लिन सकेन, पुलको डिजाइन स्वीकृत हुन पनि समय लाग्यो,' उनले भने, 'पुलका लागि चाहिने केबललगायत सामग्री विदेशबाट ल्याउनुपर्ने भएकाले काममा ढिलाइ भइरहेको हो।'

'केबल-स्टेड' प्रविधिको उक्त पुलमा चारवटा जगको काम पूरा भएको उनले जानकारी दिए। तीनवटा टावर निर्माण भइसकेको र एउटा निर्माणका क्रममा रहेको प्रमुख कुँवरले बताए। आकर्षक डिजाइनमा बन्ने उक्त 'सिग्नेचर' पुलको जग निर्माणमा बढी समय लागे पनि टावरलगायत माथिल्लो संरचनाको काम छिटो हुने निर्माण कम्पनीले जनाएको छ। छ लेनको उक्त सडकका अहिले रहेको चाइना पुलको तल र माथि गरी आकर्षक बनावटका दुईवटा 'सिग्नेचर' पुल बन्ने प्रमुख कुँवरले बताए।

एसियाली विकास बैंकको ऋण सहयोगमा सडक विभागमार्फत उक्त पुल निर्माण भइरहेको हो। भ्याटबाहेक ९४ करोड रुपैयाँको ठेक्कामा रसुवा कन्स्ट्रक्सनले पुल निर्माणको काम गरिरहेको हो। 'सिग्नेचर' पुल बनेपछि पर्यटकीय राजधानी पोखराको आकर्षण पनि बढ्ने छ। पुरानो प्रविधिको भन्दा अहिले बनाउन लागि पुल डिजाइनका हिसाबले आकर्षक रहेको जनाइएको छ।

१९० मिटरको उक्त पुल निर्माणमा कंक्रिट र फलामको प्रयोग हुने प्रमुख कुँवरले बताए। पुल निर्माणपूर्व विदेशी प्राविधिकसहितको टोलीले पुलको डिजाइन गरेको थियो। पोखरा-मुग्लिन सडक चार लेनमा विस्तार तथा स्तरोन्नति आयोजनाअन्तर्गत पोखराको सेती र तनहुँको मादी नदीमा सिग्नेचर पुल निर्माणाधीन अवस्थामा छन्।

५० वर्षअघि बनेको पृथ्वी राजमार्गअन्तर्गतको पोखरा-मुग्लिन सडक २०७८ साल वैशाखदेखि विस्तार तथा स्तरोन्नतिको काम सुरु गरिएको थियो। निर्माणमा कुनै अवरोध नआएमा आगामी हिउँदसम्ममा सडक स्तरोन्नतिको काम सकिने आयोजना कार्यालयले जनाएको छ। गण्डकी प्रदेशको 'लाइफ लाइन'का रूपमा रहेको उक्त सडकको पूर्वी खण्ड (जामुने-मुग्लिन)मा हालसम्म भौतिक प्रगति ८२.९५ प्रतिशत र पश्चिम खण्ड (पोखरा-जामुने)मा ५०.३४ प्रतिशत पुगेको छ।

कूल ४१.४५ किलोमिटर दूरीको पूर्वीखण्डमा तीन किलोमिटरमात्र कालोपत्र हुन बाँकी छ। कूल ३८.८८ किलोमिटर दूरीको पश्चिम खण्डमा हालसम्म ३५.५ किलोमिटर एकतर्फी (दुई लेन) सडक कालोपत्र भइसकेको प्रमुख कुँवरले बताए। 'करिब तीन किलोमिटर सडक एकतर्फी कालोपत्र हुन बाँकी छ, १८ किलोमिटर दूरीमा दुईतर्फी नै कालोपत्र भइसकेको छ,' उनले भने, 'आउँदो असारभित्रमा ३० किलोमिटर दूरीमा दुईतर्फी नै कालोपत्र सक्ने लक्ष्य छ।' *रासस*

## बाफिया विधेयकमाथि छलफल

■ प्रभाव संवाददाता



**आइतबार बसेको प्रतिनिधिसभा अन्तर्गत अर्थ समितिको बैठक।** *तस्बिरः रासस*

**काठमाडौं –** बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बैंक एन्ड फाइनान्सियल इन्स्टिच्युसन एक्ट-बाफिया), २०७३ लाई संशोधन गर्न बनेको विधेयकमाथि प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिमा छलफल भएको छ। समितिले आइतबार उक्त विधेयकका व्यवस्थामाथि बैंकिङ क्षेत्रका विज्ञहरूसँग छलफल गरेको हो।

छलफलका क्रममा पूर्वबैंकर परशुराम कुँवर क्षेत्रीले बैंक तथा वित्तीय संस्थाको सञ्चालकसम्बन्धी व्यवस्था, बैंकर तथा व्यवसायी छुट्याउने प्रावधान, बैंकका सञ्चालकको उमेरहदलगायत विषयलाई विधेयकले उपयुक्त ढंगले व्यवस्थापन गर्नुपर्ने बताए। यस्तै, बैंक तथा वित्तीय संस्थाहरूको गैरबैंकिङ सम्पत्ति र खराब कर्जा व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन (एसेट म्यानेजमेन्ट) कम्पनी खोल्नेसम्बन्धी प्रावधान बाफियामा राखिनुपर्ने सुझाव दिँदै उनले बैंक, वित्तीय संस्थाहरूले धितो लिलाम गरेको जग्गामा हदबन्दी लाग्न नहुने नीतिगत व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याए।

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौलाले बैंकर र व्यवसायी छुट्याउने गरी विधेयकमा परेका व्यवस्थाबारे विभिन्न देशका असल अभ्यास र नेपालको सन्दर्भमा त्यसको सान्दर्भिकता खोज्नेगरी उचित प्रबन्ध गरिनुपर्ने बताए।

अर्थ समितिका सभापति सन्तोष चालिसेले यो विधयेक बैंक तथा वित्तीय संस्थाहरूको नियमन र सुपरीवेक्षणसँग मात्र जोडिएको नभई मुलुकको समग्र अर्थतन्त्रसँग समेत जोडिएको बताए। 'यो विधेयकले वित्तीय क्षेत्रमा फेरबदल गर्नसक्ने हैसियत राख्दछ। यसकारण समितिले महत्वका साथ छलफल अघि बढाउनेछ', उनले भने। विधेयकमाथि प्रतिनिधिसभाका २२ जना सांसदहरूबाट विभिन्न एक सय २७ वटा संशोधन परेको पनि सभापति चालिसेले जानकारी दिए।

प्रविधिमा आएको परिवर्तनलाई प्रयोग गर्न र विद्यमान कानुनमा उल्लिखित तीनै तहका सरकारको वित्तीय अधिकार क्षेत्र व्यवस्थित गर्नका लागि पनि नयाँ बन्ने बाफिया महत्वपूर्ण छ। यसैगरी, नेपालको समग्र बैंकिङ तथा वित्तीय प्रणालीको विश्वसनीयता अभिवृद्धि गर्न, राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाई स्थायित्व कायम गर्न र बैंक तथा वित्तीय संस्थाहरूको संस्थापना, सञ्चालन, व्यवस्थापन, नियमनलगायत कार्यलाई व्यवस्थित गर्नका लागि पनि विद्यमान ऐन संशोधन गर्न लागिएको जनाइएको छ।

बाफिया विधेयकमा 'डिजिटल' मुद्रालाई परिभाषित गर्न खोजिएको छ। 'डिजिटल मुद्रा भन्नाले नेपाल राष्ट्र बैंकबाट जारी भएको डिजिटल मुद्रा सम्झिनुपर्छ', विधेयकमा भनिएको छ। डिजिटल मुद्राबारे हाल नेपाल राष्ट्र बैंकले अध्ययन गरिरहेको छ।

यसैगरी, डिजिटल बैंकलाई बैंकिङ तथा वित्तीय कारोबारको अधिकार दिनका लागि विधेयकमा नयाँ व्यवस्था राखिएको छ। 'बाफिया ऐन, अन्य प्रचलित कानुन, प्रबन्धपत्र र नियमावली तथा राष्ट्र बैंकले तोकेको सीमा, सर्त वा निर्देशनको अधीनमा रही डिजिटल बैंकले राष्ट्र बैंकले तोकेबमोजिमको निक्षेप लिने, कर्जा प्रवाह गर्नेसमेतका बैंकिङ तथा वित्तीय कारोबारसमेत गर्न सक्नेछ', विधेयकमा भनिएको छ। डिजिटल बैंकलाई बैंकको परिभाषाभित्र समेटिएको छभने विद्युतीय माध्यमबाट जम्मा गरेको रकमलाई निक्षेप मान्न सकिने व्यवस्था गर्न लागिएको छ।

बैंक तथा वित्तीय संस्थामा 'कार्यकारी अध्यक्ष' को परिभाषा हटाएर अध्यक्षको प्रावधान मात्रै राखिएको छ। यसैगरी, 'उल्लेख्य सामित्व' को परिभाषा पनि परिवर्तन गर्ने प्रस्ताव गरिएको छ।

बैंक तथा वित्तीय संस्थाको ऋणीको परिभाषा पनि संशोधन प्रस्ताव गरिएको छ। 'ऋणी भन्नाले कर्जा लिने वा बैंकले जारी गरेको क्रेडिट कार्ड वा त्यस्तै प्रकृतिका अन्य उपकरण धारण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनुपर्छ', विधेयकमा भनिएको छ। यसअघि क्रेडिट कार्ड सुविधा लिने व्यक्ति तथा कम्पनीलाई ऋणीको परिभाषाभित्र समेटिएको थिएन। विधेयकमा धितोको परिभाषामा थप गरिएको छ। 'धितो भन्नाले ऋणीले बैंक वा वित्तीय संस्थाबाट लिएको कर्जाको सुरक्षणबापत बैंकलाई उपलब्ध गराएको सम्पत्ति सम्झनुपर्दछ' भनी थप व्यवस्था राखिएको छ।

बैंक तथा वित्तीय संस्थाका सञ्चालकको कार्यकालसम्बन्धी विद्यमान व्यवस्थामा पनि विधेयकमार्फत संशोधन गर्न लागिएको छ। विद्यमान ऐनअनुसार सञ्चालक बढीमा चार वर्षका लागि रहने र निजको पुनः नियुक्त तथा मनोनयन हुन सक्ने व्यवस्था छ। त्यसलाई संशोधन गरेर कुनै सञ्चालक आफ्नो पदावधि समाप्त भएपछि अर्को एक अवधिका लागि मात्रै सञ्चालक पदमा पुनः नियुक्त हुन सक्ने व्यवस्था कायम गर्न लागिएको छ। प्रस्तावित विधेयक संसद्बाट पारित भई लागू भएपछि २५ वर्ष उमेर नपुगेको र ७० वर्ष उमेर नाघेको व्यक्ति बैंक तथा वित्तीय संस्थाको सञ्चालक हुन पाउने छैनन्। विद्यमान बाफिया ऐनले सञ्चालक हुनका लागि न्यूनतम उमेर २५ वर्ष तोकेको भए पनि अधिकतम उमेरहद भने तोकेको छैन।

विधेयकअनुसार बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिको बैठकलाई नियमित बनाउन हरेक महिना कम्तीमा एकपटक अनिवार्य रूपमा बैठक बस्नुपर्ने छ। सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धी कानुनलाई पनि बैंक तथा वित्तीय संस्थामा कडाइका साथ लागू गर्नेगरी विधेयक तयार पारिएको छ।

एउटा बैंक तथा वित्तीय संस्थाले अर्को बैंक तथा वित्तीयको धितोपत्रमा लगानी गर्न नपाउने व्यवस्था रहेका छ। तर, सरकारले आवश्यक ठानेका कृषि, पर्यटन, ऊर्जा, पूर्वाधारजस्ता क्षेत्रमा लगानी गर्न ऋणपत्रसम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउका लागि ऋणपत्रमा लगानी गर्न पाउने व्यवस्था बन्दै गरेको ऐनमा राख्न लागिएको छ।

## कर्पोरेट

### नबिल बैंक र अपोलो अस्पतालबीच सम्झौता



**काठमाडौं (प्रस)–** नबिल बैंक लिमिटेड र भारतको अपोलो अस्पतालको प्रतिनिधि संस्था अपोलो इन्फर्मेसन सेन्टरबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ। बैंकका ग्राहकहरूलाई भारतमा स्वास्थ्य उपचार गर्दा विशेष छुट तथा सहजीकरणका लागि उक्त समझदारी गरिएको बैंकले जनाएको छ।

बैंकका तर्फबाट प्रमुख बजार अधिकृत कृष्णप्रसाद सुवेदी र अपोलो इन्फर्मेसन सेन्टरका तर्फबाट प्रबन्ध निर्देशक (कानून) सुशीलकुमार चापागाईंले समझदारीपत्रमा हस्ताक्षर गरे। समझदारीअनुसार अब नबिल बैंकका सेवाग्राहीहरूले अपोलो अस्पतालमा उपचार गर्दा १० प्रतिशतसम्मको विशेष छुट र व्यक्तिगत परामर्श सेवा प्राप्त गर्न सक्नेछन्। नबिल बैंकका प्रमुख बजार अधिकृत सुवेदीले यो समझदारीले बैंकका ग्राहकलाई गुणस्तरीय स्वास्थ्य सेवा लिन सहज हुने बताए। उनले भने, 'नेपालबाट विभिन्न रोगका उपचारका लागि भारतका अस्पतालमा जानेको संख्या उल्लेख्य छ, बैंकका ग्राहकलाई विश्वस्तरीय स्वास्थ्य सेवा सुलभ रूपमा उपलब्ध गराउने उद्देश्यले अपोलो इन्फर्मेसन सेन्टरसँगको समझदारी गरिएको हो।'

नबिलले २४ लाखभन्दा बढी सेवाग्राहीहरूलाई देशभरिको २६८ शाखा र ३२० एटिएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ। नेपाली बैंकिङ क्षेत्रमा नवीनतम सेवाको सुरुवात गर्न अग्रणी भूमिका खेलेको नबिल नेपालको बैंकिङ विकासको इतिहासमा कोसेढुङ्गाको रूपमा काम गर्दै आएको छ।

### 'केई एक्सचेन्ज कार्निभल २०८२' हुँदै

**काठमाडौं (प्रस)–** नेपालका लागि केई ईभीको आधिकारिक वितरक लक्ष्मी ई-मोबिलिटी र जीओ अटोमोबाइल्सले 'केई एक्सचेन्ज कार्निभल २०८२' आयोजना गर्ने भएका छन्। काठमाडौं स्थित थापाथलीमा(केई शोरुम/ हुन्डाई शोरुमको विपरित दिशामा) आगामी बैशाख २६ देखि २८ गतेसम्म यो कार्निभल हुदैछ। 'केई एक्सचेन्ज कार्निभल २०८२' मा केईका विद्युतीय सवारी साधनमा आकर्षक अफरहरू ल्याएको छ। सो कार्निभलमा पुराना गाडीसँग ई-क्युट ०२, ई-क्युट ०४ र एक्स ३ प्रो गरी केई ईभीका तीन मोडल विशेष अफरका साथ एक्सचेन्ज गर्न सकिने छ।




कार्निभलमा ग्राहकहरूले यस एक्सचेन्ज योजना अन्तर्गत विशेष अन-द-स्पट सवारी साधन मूल्याङ्कन, उत्कृष्ट रिसेल भ्यालु, आकर्षक नगद छुट र प्रत्येक मूल्याङ्कनमा दुई जनाको लागि क्यूएफएक्स हलमा फिल्मका टिकटहरू प्राप्त गर्न सकिने जनाइएको छ। त्यस्तै थप रूपमा बीमा, सडक कर कभरेज र चयन गरिएका मोडेलहरूमा एक्सचेन्ज बोनस पनि प्राप्त गर्न सकिने छ। साथै कार्निभलमा पारिवारिक मनोरञ्जन, खेलहरू र संगीत प्रस्तुत गरिनेछ, जहाँ सबै उमेरका लागि रमाइलो र उत्सवपूर्ण मनोरञ्जनात्मक प्रस्तुति हुनेछन्।

### ग्लोबल आइएमईको ह्याकाथन सम्पन्न




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडको आर्टिफिसिएल इन्टेलिजेन्स (एआई) र मेसिन लर्निङ (एमएल) सम्बन्धी "ग्लोबल आइएमई एआई/एमएल ह्याकाथन" कार्यक्रम सम्पन्न भएको छ। नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बम बहादुर मिश्रको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा बैंकको प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत लगायत उच्च व्यवस्थापकहरू सहित विभिन्न संस्थाको प्रतिनिधीहरूको उपस्थिती रहेको थियो।

बैंकले प्रविधिमा रुची राख्ने विद्यार्थी, स्टार्टअप, डेभलपर, डेटा वैज्ञानिक तथा अनुसन्धानकर्ताहरूलाई लक्षित गर्दै सम्भावित नविनतम् प्रविधिमा आधारित बैंकिङ सेवाहरू विकासका लागि यो प्रतियोगिता संचालन गरेको हो। यस प्रतियोगितामा २१ टोलीहरूलाई अनलाइन पेपर प्रिजेन्टेशनका लागि छनौट गरीएको थियो। प्रतियोगि टोलीहरू विभिन्न स्थान काठमाडौं, महेन्द्रनगर, पोखरा, विरगंज, काभ्रे, धरानबाट सहभागी थिए।

सहभागी टोलीहरूमध्ये टिम क्याल्कुलसले उक्त प्रतियोगिताको प्रथम पुरस्कार स्वरूप रु १ लाख जित्न सफल भएको छ। साथै, डब्लुडिके, लार्के पास, टिम जनकपुर, फ्रडेक्स टोलीहरूले क्रमश दोश्रो, तेस्रो, चौथो र पाँचौ पुरस्कारबाट पुरस्कृत भएका छन्।

## अण्डाको माग बढ्यो



**चितवन (प्रस)–** गर्मीसँगै अण्डाको उत्पादन घटेपछि माग बढ्न थालेको छ। गर्मीका कारण कुखुराले दाना कम खाने हुँदा अण्डाको आकार र संख्या दुवै घट्ने गर्दछ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरका उपप्राध्यापक डा. अनन्त दाहालका अनुसार गर्मीसँगै कुखुराले अण्डा कम दिन थाल्दछ। मुख्य रोगहरू पनि यही मौसममा देखा पर्ने गर्दछन्। पानी परेर आद्रता बढ्दा कुखुरालाई गर्मीका कारण हुने तनाव निकै बढ्ने उनी बताउँछन्। उनी भन्छन्, 'अझै अण्डाको उत्पादन घट्दै जाने छ।' गर्मी उच्चविन्दुमा पुग्दा २५ प्रतिशतसम्म उत्पादन घट्ने उनको भनाइ छ।

नेपाल लेयर्स कुखुरापालक सङ्घका केन्द्रीय अध्यक्ष विनोद पोखरेलले उत्पादन घटेपछि माग धान्न मुस्किल हुन थालेको बताए। चार महिनाअघिसम्म दैनिक ४० हजार कार्टुन अण्डा उत्पादन हुने गरेकामा अहिले घटेर २८ हजार हाराहारीमा झरेको उनी बताउँछन्। उनको भनाइमा गर्मीसँगै दानाको मूल्य उच्च र अण्डाको मूल्य कम भएपछि धेरै किसानले कुखुरा बिक्री गरेको र चल्ला राख्न नसकेका कारण अण्डाको संख्या घटेको हो। विद्यालय, क्याम्पस खुलेका र पर्यटक बढेका कारण बजारमा अण्डाको माग बढेको उनी बताउँछन्। माग बढेसँगै किसानले उत्पादन गरेको अण्डाको मूल्य बढ्दो क्रममा छ।

अध्यक्ष पोखरेलका अनुसार एक्सएल अण्डा प्रतिक्रेट (३० वटा) को रु चार सय ६०, ठूलोको रु चार सय ३५ र मिडियमको रु तीन सय ८५ कायम गरिएको छ। बजारमा मागअनुसार अण्डा नपाएपछि क्रमशः मूल्य बढ्दै गएको हो। गत वर्ष प्रतिक्रेट (३० गोटा) को रु पाँच सय २५ सम्म पुगेको अण्डाको मूल्य घटेर रु तीन सय ५० मा झरेको थियो। मूल्य घटेसँगै लागत मूल्य धान्न नसकेपछि धेरै किसानले अण्डा दिँदै गरेका कुखुरासमेत बिक्री गर्न बाध्य भएका थिए।

नेपालमा अण्डाको लागत मूल्य प्रतिगोटा रु १६ दशमलव ५६ पर्न आउँछ। अण्डा उत्पादन गर्ने कुखुरा घटेको र माग बढेको छ। अहिलेको अवस्थालाई हेर्दा अण्डाको मूल्य क्रमशः बढ्ने देखिन्छ। उनले भने, 'अण्डाको मूल्य बढेपछि किसान उत्साहित बनेका छन्।'

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ